
# लेखापरीक्षण प्रतिवेदन

# व्यास गाउँपालिका, दार्चुला

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## व्यास गाउँपालिका, दार्चुला

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/134

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
व्यास गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
दार्चुला।

**कैफियतसहितको राय।**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली सुत्र प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ५ करोड १४ लाख ८ हजार, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु.८ लाख ९० हजार, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु.८० लाख र गरिबसँग विश्वेस्वर कार्यक्रमको रु. ४ लाख १५ हजार समेत गरी रु.६ करोड ७ लाख १३ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. ६८ करोड ९५ लाख, ४३ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड ६७ लाख २३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा कुनै पनि रकम प्रतिक्रियाबाट फर्स्यौट नभई असुल गर्नुपर्ने रू. ९८ लाख ५५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३३ लाख ९४ हजार र, नियमित गर्नुपर्ने रु. ३४ लाख ७३ हजार रहेको छ। गत वर्षसम्म रु.१३ करोड ३३ लाख ६३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. १५ करोड ७३ लाख ९२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान **(नगदमा आधारित)** बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्नसक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ९४ | २१ | २,६७,२२,९१२ | ० | ० | ० | ० | ९४ | २१ | २,६७,२२,९१२ | ९८,५४,५९४ | ३४,७३,३८३ | १,३३,९४,९३६ | ० | ० | १,६८,६८,३१९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्चुला | १३३३६३००० | | २६९३७२८ | १३०६६९२७२ | ० | २६७२२९१२ | १५७३९२१८४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १. | २०७६।०७७ | ३८ | म्याद थप नभएको | १८६७५२० |
| २. | २०७६।०७७ | ३९ | म्याद थप नभएको | ८२६२०८ |
| जम्मा | | | | २६९३७२८ |

# (८०७७३५०७३०० - व्यास गाउँपालिका, दार्चुला )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेका छन् भने क्षेत्रफल ८३९.२६ वर्ग किलोमिटर तथा ९६६८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१५ देखि २०८१ ।५।१९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको रु.६८ करोड ९५ लाख ४२ हजार ९५० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा रु.४७३५५ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

२ **वित्तीय विवरण**

वित्तीय व्यवस्थाः यस वर्ष पालिकाको सुत्र (SuTRA) को २७० बाट देखिएको आय व्यय र बाँकीको विवरण यस प्रकार छ ।

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७५९०७५६७.२६ | ० | ७५९०७५६७.२६ | ७९३१७३००.९ | ० | ७९३१७३००.९ |
| १३००० | अनुदान | | २५३०६४६२०.१ | ० | २५३०६४६२०.१ | २९४५८४४१९.१५ | ० | २९४५८४४१९.१५ |
| १४००० | अन्य राजस्व | | ३५१३४२८.४५ | ० | ३५१३४२८.४५ | ४४६३५७. | ० | ४४६३५७. |
| १५००० | विविध प्राप्ति | | २४३०००. | ० | २४३०००. | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ३३२७२८६१५.८१ | | ३३२७२८६१५.८१ | ३७४३४८०७७.०५ | | ३७४३४८०७७.०५ |
| ३ | चालु | | २२५८०१४७४.०६ | ० | २२५८०१४७४.०६ | २३६०१७८१४.३३ | ० | २३६०१७८१४.३३ |
| २१००० | पारिश्रमिक / सुविधा | | १२१९७५१०५.०६ | ० | १२१९७५१०५.०६ | ११६०६९२०७.३३ | ० | ११६०६९२०७.३३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ९२०५१६१०. | ० | ९२०५१६१०. | १०९८६७८४७. | ० | १०९८६७८४७. |
| २५००० | सहायता (Subsidy) | | २४७५५०. | ० | २४७५५०. | १४५८७८०. | ० | १४५८७८०. |
| २६००० | अनुदान | | ० | ० | ० | २९२५०००. | ० | २९२५०००. |
| २७००० | सामाजिक सुरक्षा | | ९७०३२८९. | ० | ९७०३२८९. | २५४७४९०. | ० | २५४७४९०. |
| २८००० | अन्य खर्च | | १८२३९२०. | ० | १८२३९२०. | ३१४९४९०. | ० | ३१४९४९०. |
| ४ | पूंजीगत | | १२८५७२८१८.२४ | ० | १२८५७२८१८.२४ | १५४२४१९६८. | ० | १५४२४१९६८. |
| ३१११० | भवन तथा संरचना | | ६९९८००. | ० | ६९९८००. | ७७१४१७७. | ० | ७७१४१७७. |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | | ३७४५५०२. | ० | ३७४५५०२. | ३६१८७११. | ० | ३६१८७११. |
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | ० | ० | ४४४३४२५. | ० | ४४४३४२५. |
| ३११५० | सार्वजनिक निर्माण | | १२२१८९७६६.२४ | ० | १२२१८९७६६.२४ | १३८०८५६५५. | ० | १३८०८५६५५. |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १९३७७५०. | ० | १९३७७५०. | ० | ० | ० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० | ३८००००. | ० | ३८००००. |
| ख) | कुल जम्मा भुक्तानी | | ३५४३७४२९२.३ | | ३५४३७४२९२.३ | ३९०२५९७८२.३३ | | ३९०२५९७८२.३३ |
| ग) | बचत / कमी (ग = क-ख ) | | -२१६४५६७६.४९ | | -२१६४५६७६.४९ | -१५९११७०५.२८ | | -१५९११७०५.२८ |
| घ) | धरौटी आकस्मिक | | २४४००४०.९८ | | २४४००४०.९८ | ४४६५२०८. | | ४४६५२०८. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | | | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | | -१९२०५६३५.५१ | | -१९२०५६३५.५१ | -११४४६४९७.२८ | | -११४४६४९७.२८ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ४३६५८०८२.४८ | | ४३६५८०८२.४८ | ५५१०४५७९.७६ | | ५५१०४५७९.७६ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | २४४५२४४६.९७ | | २४४५२४४६.९७ | ४३६५८०८२.४८ | | ४३६५८०८२.४८ |

स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाको सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट IPFMS मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनुसार सुत्र र एकीकृत विवरणमा फरक परेको छ ।

(रू.हजारमा)

| विवरण | म.ले.प.फा.नं. २७० | एकीकृत आय व्यय विवरण | फरक |
|---|---|---|---|
| गत वर्षको अल्या | 43658082.4 | २८५७१३९०.९८ | 15086691.42 |
| यस वर्षको आम्दानी | 332728615.8 | ३६५३१६९९४.४८ | -32588378.68 |
| यस वर्षको खर्च रकम | 354374292.3 | ४४९०९९९३४.२० | -94725641.90 |
| बाँकी मौज्दात | 24452446.97 | २१७०९८१९.०० | 2742627.97 |

स्थानीय तहले प्रयोगमा ल्याएको लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७० ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपाध्यक्षले मिति २०८०।३।७ गते रु ३८ करोड ४६ लाख ४० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६ **नीति तथा मार्गदर्शन**

पालिकाको आ.व. २०८०।८१ को नीति तथा मार्गदर्शन २०८० असार ७ गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वियन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वियनको लागि पालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वियन नभएका उदाहरण देहाय अनुसार छन्ः

• पालिकाभरीका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक नीति अवलम्बन गरिनुका साथै प्रत्येक आर्थिक वर्षमा दुई दुई वटा विद्यालयहरू नमूना विद्यालयका रूपमा अगाडि बढाउन आवश्यक कार्यक्रमको थालनी गरी अरु विद्यालयहरूलाई समेत सोही मार्गमा लैजाने,

• खेलकुदको विकास गर्न पालिका स्तरीय खेलकुद प्रतियोगिता, खेल शिक्षकको व्यवस्था तथा खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्ने,

• विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरूलाई निरोधात्मक प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरू मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनर्स्थापनाको प्रबन्ध मिलाउने,

• युवा उद्यमशिलता विकासका कार्यक्रमहरू मार्फत युवालाई विदेश होइन अनुसार अगाडि बढ्न प्रेरित गर्ने,

• कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न दीर्घकालीन सोच सहित व्यास गाँउपालिका कृषि नीति निर्माण गरी कार्यान्वियनमा ल्याउने,

• कृषि उपजहरूको बजारीकरण र भण्डारण गर्न संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका (कोल्ड स्टोर, रस्टिक स्टोर, कोल्ड च्याम्बर) हरू निर्माणको कार्यलाई अगाडि बढाइने,

• एक वडा एक उत्पादन कार्यक्रम लागु गर्ने,

• कृषकहरूले उत्पादन गरेको कृषि वस्तुमा आधारित नगद प्रोत्साहन अनुदान कार्यक्रम लागु गर्ने,

• प्राङ्गारिक उत्पादनका लागि भर्मिक कम्पोष्ट मल निर्माण गर्ने कार्य अगाडि बढाउने,

• पशुपंक्षीहरूको विभिन्न महामारीजन्य रोगको नियन्त्रणका लागि निःशुल्क रूपमा खोप कार्यक्रम सञ्चाल गर्ने,

• कृषकहरूले खेती गरेको खेतिपातीलाई जंङ्गली जनावरबाट संरक्षण गर्न खेतिपाती नोक्सान हुने क्षेत्रमा हेरालुको व्यवस्थापन गर्ने,

• यस गाँउपालिका अन्तरगत भेडा तथा च्याङग्रा संरक्षणका लागि लागत साझेदारीमा भेडा र च्याङ्ग्रा प्रवर्धन कार्यक्रम लागु गर्ने,

• पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र

पर्यटन विकासका कार्यक्रमहरू संचालन गर्ने,

• स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थहरूको प्रयोग गरी लघु उद्यम मार्फत नयाँ वस्तु उत्पादनमा जोड दिने,

• सहकारी संस्थाहरूको संस्थागत सुशासन प्रवर्धन गर्दै निच्छेपकर्ताहरूको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याउने,

• संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरूसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गर्ने,

• व्यास गाँउपालिकाको विगत ६ वर्षमा भए गरेका वित्तीय तथा भौतिक अवस्थालाई श्वेतपत्र मार्फत प्रकाश गर्ने,

• भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गर्ने,

• भुकम्पीय जोखिम न्यूनीकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिने ।

नीति तथा कार्यक्रमको कार्यान्वियन हुनु पर्दछ ।

७ **कार्यक्रमहरु कार्यान्वियन नभएका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ को लागि रू. ३८ करोड ४६ लाख ४० हजारको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल ५२१ वटा कार्यक्रम मध्ये यस वर्ष ६६ वटा कार्यक्रमहरू कार्यान्वयन गरेको पाइएन । कार्यान्वयन नभएका प्रमुख कार्यक्रमहरू देहाय अनुसार छन् ।सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

(रू.हजारमा)

| सि.नं. | कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन |
|---|---|---|---|---|
| १२ | डिजिटल भिलेज प्रोफाइल | २२५२९ | नेपाल सरकार - समानिकरण अनुदान | १००० |
| १४२ | कर्मचारी संगठन तथा व्यवस्थापन | २२५२९ | आन्तरिक श्रोत | ५०० |
| १५१ | सञ्चार तथा मिडिया विकास | २२३१५ | आन्तरिक श्रोत | ५०० |
| २४८ | आकस्मिक साना पूर्वाधार योजना निर्माण | ३११५९ | राजस्व बाँडफाँट - प्रदेश सरकार | ४०८ |
| २६२ | कर्मचारी कल्याण कोष | २१२१४ | राजस्व बाँडफाँट - संघीय सरकार | ५०० |
| २७१ | डिजिटल भिलेज प्रोफाइल | २२४११ | राजस्व बाँडफाँट - संघीय सरकार | १००० |
| ४०९ | CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | २२५२९ | नेपाल सरकार - शसर्त अनुदान चालु | ७०० |
| ४५० | पालिका अन्तर्गत निर्माणाधिन ५।१०।१५ शैय्या आधारभूत अस्पतालको श्रृजित दायित्व भुक्तानी गर्न। | ३११५९ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | ३५०० |
| ४५४ | पोषण सुधारको लागि विपन्न समूदायका महिला समूह वा सहकारीहरूलाई विपन्न सदस्यहरूको आयआर्जन सुधार कार्यक्रमको गर्न अनुदान | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [युरोपियन युनियन - नगद अनुदान (बैदेशिक)] | ६०० |
| ५१८ | तिंकर पर्यटकीय पदमार्ग निर्माण | २२५२९ | सुदुर पश्चिम प्रदेश - विषेश अनुदान चालु | २५०० |

८ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा चालु खर्च खातामा रु. 151207।52, पुँजीगत खर्च खातामा रु 2430220।31 र आन्तरिक राजश्व खातामा रु. 1601658।69 समेत गरी रु. 4183086।52 मौज्दात रहेकोमा २०८१ साल असार 27 गतेमा संचित कोषमा ट्रान्सफर गरेको ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाइयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजसिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

• कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुनसक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।

• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाइएन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्नेमा तोकेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३१ जनाको दरबन्दी रहेकोमा १० जना पद रिक्त रहेको पाइयो ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण बनाई लागु गरेको पाइएन ।

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।

• पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नुपर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९ **सामग्री खरिदमा गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११५ अनुसार सार्वजनिक निकायलाई प्राप्त हुने मालसामान तोकिएको स्पेसिफिकेशन तथा गुणस्तर अनुसार भए नभएको गुणस्तर निरीक्षण समितिले निरीक्षण वा परीक्षण गर्नुपर्ने तथा सोको प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । पालिकाले टुक्रे खरिद गर्दा अधिकांशमा स्पेसिफिकेशन नखुलाई खरिद गरेको तथा स्पेसिफिकेशन तथा गुणस्तर परीक्षण गरेको देखिएन । स्पेसिफिकेशन स्पष्ट खुलाउने तथा स्पेसिफिकेशन तथा गुणस्तर परीक्षण गराउनेतर्फ प्रतिष्ठानले ध्यान दिएको समेत पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

१० **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकाले विभिन्न बैठकबाट ४६ वटा कार्यक्रम हटाएर यस वर्ष ३ करोड ५६ लाख ७८ हजार रकमान्तर गरेको छ ।उक्त बजेटबाट ५५ वटा नयाँ कार्यक्रम थप गरेको छ । जुन स्वीकृत वार्षिक बजेटको ९.२७ प्रतिशत हुन आउँछ । शुरु बजेट विनियोजन भएका योजना कटौती गरी पटके निर्णयबाट नयाँ योजनाको लागि रकमान्तर गरी खर्च गर्ने परिपाटी बजेट सिद्धान्त विपरीत देखिन्छ।

११ **गत आ.व. को भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ । उपनियम १५ अनुसार उल्लिखित खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएको अवस्थामा सम्बन्धित कार्यालयले संलग्न बिल, भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकी विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले रू. १३२५५४८५।०० गत वर्षको भुक्तानी दिएकोमा बजेटले बहुवर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक दायित्व सृजना हुनेगरी खर्च नगर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१२ **बेरुजुको लगत**

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये प्राधिकरणसँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

१३ **खर्च सार्वजनिकरण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपनें व्यवस्था छ । कार्यालयले यस वर्ष उपभोक्ता समितिमार्फत योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पूर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट र खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन । कार्यालयले नियममा भएको व्यवस्था अनुसार उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ ।

१४ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन्ः

| भौ.नं. मिति | उपभोक्ता समिति | खुद भुक्तानी |
|---|---|---|
| ४०–२०८०।१२।२ | इजर ढल निकास कार्य | २६२९०० |
| ६५–२०८०।१२।५ | चुक पानी पिसिसी निर्माण | १३८३०० |
| ८६–२०८०।१२।१४ | कोट ढुंगा रिसिलिङ सहितको पिसिसी | १८१५०० |
| १२६–२०८१।२।२५ | माङगाउँ झो.पु. देखि पालिका भवन सम्म पिसिसी | ४७७००० |
| १६१-२०८१।३।१४ | सामुदायिक स्वास्थ्य एकाई भवन | ४७६९०० |

१५ **उपभोक्ता समिति मार्फत सरकारी भवन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था छ । सोही नियमावलीको नियम नियम ९७ को उपनियम (१२) अनुसार निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारका उपभोक्ता समितिहरू मार्फत सरकारी भवनहरू निर्माण गराई भुक्तानी गरेको छ । प्रतिस्पर्धाबाट कार्य गराउन सिमित हुने गरी नियम विपरित सरकारी भवनहरू उपभोक्ता समितिबाट निर्माण गराई भुक्तानी गरेको छ । यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन्ः

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | भुक्तानी |
|---|---|---|
| १६१-२०८१।३।१४ | सामुदायिक स्वास्थ्य एकाइ, धारडोब | ४७६९०० |
| १२८-२०८१।२।२५ | गा.पा.को नयाँ प्रशासकीय भवनको लागि खानेपानी योजना | ४६०८०० |
| ९६-२०८१।१।४ | सिना वर्थिङ भवन व्यवस्थापन तथा मर्मत संभार | ३८८००० |
| ३८-२०८०।१२।२ | वडा कार्यालय मर्मत | २८८००० |
| ७१-२०८०।१२।१४ | टिङ्कर दूरसञ्चार भवन निर्माण | १७७५०० |

१६ **स्थानीय तथ्यांक अभिलेख तथा स्रोत नक्सांकन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१७ **म.ले.प. फारामहरूको प्रयोग**

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख सवारी साधन तथा मेशिन प्रयोगको लगबुक रसिद नियन्त्रण खाता भ्रमण प्रतिवेदन कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरू आंशिक रूपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

१८ **सवारी साधन र मेशिनरी मर्मत अभिलेख**

सवारी साधन र मेशिनरी सञ्चालनको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नुपर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यावधिक गरी राखेको छैन । म .ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्वति लागु गर्नुपर्दछ ।

१९ **सार्वजनिक सम्पत्तिको रेखदेख**

सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

२० **सम्पत्ति व्यवस्थापन र सुरक्षा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामानको अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार पारी प्रतिवेदन गर्नुपर्दछ। कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनुपर्दछ ।

२१ **वार्षिक खरिद योजना/गरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १२ करोड ८५ लाख ७३ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२२ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स. | मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| 1 | आर्थिक विकास | 13,212,700.00 | 12,179,088.00 | 3.4 |
| 2 | सामाजिक विकास | 169,009,905.98 | 142,706,843.10 | 40.3 |
| 3 | पूर्वाधार विकास | 116,262,500.00 | 111,485,601.24 | 31.5 |
| 4 | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 14,630,000.00 | 11,342,986.00 | 3.2 |
| 5 | कार्यालय सञ्चालन तथा प्रशासनिक | 89,781,985.00 | 76,659,773.96 | 21.6 |
| **जम्मा** | | **402,897,090.98** | **354,374,292.30** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४०.३ प्रतिशत र सबै भन्दा घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ३.२ प्रतिशत बजेट विनियोजन गरेको छ ।

२३ **राजस्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को रसिद ठेली बाँकी के कति छन यकीन गर्न सकिएन । पालिकाबाट सवै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने कार्यको थालनी भए पनि कठिन भौगोलिक बनावटका कारण नेट र बत्ती नियमित नभएकाले यसले पूर्णता पाउन नसकेको अवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार बैंक तथा संचित कोष अनुसार रू. ३१४९५६४.९६, सुत्रको राजस्व मोडल अनुसार रु. ५२७७७४८.९६ र क्यास बुक अनुसार रु.४९७६५७८।– देखाएकोले वास्तविक राजस्व रकम यकीन गर्न सकिने अवस्था छैन । सिस्टमबाट नगदी रसिद जारी गरेको तर बैँक भौचर सिस्टमबाट जारी नगरी पुनः नगद बैंक भौचर भरी बैंकमा रकम जम्मा गर्ने गरेको र समयमा वडा स्तरमा बस्ने कर्मचारीलाई तालिम नदिएको कारण वास्तविक राजस्व र सुत्रको राजस्व मोडलको राजस्व फरक परेको कार्यालयको भनाई रहेको भए पनि वास्तविक राजस्व रकम यकीन गर्नु पर्दछ । कार्यालयले आगामी दिनमा राजस्व असुलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्न विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

## २४ आयको अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आयव्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४२ लाख ३५ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ३१ लाख ५० हजार अर्थात अनुमान भन्दा २५.६१ प्रतिशत कम आय प्राप्त गरेको छ ।

## २५ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३५४३७४२९२.३० | ३१४९५६४.९६ | 0.८८ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २६ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स. | राजश्वसंकेत | आयशीर्षक | आय अनुमान | आय | आयप्रतिशत |
|---|---|---|---|---|---|
| 1 | 11313 | सम्पती कर | 800,000.00 | 21,424.00 | 2.68 |
| 2 | ११३१४ | भुमिकर/ मालपोत | 500,000.00 | 252,325.00 | 50.47 |
| 3 | ११३१७ | वहाल कर | 100,000.00 | 33,399.97 | 33.40 |
| | 11322 | बहाल विटौरी कर | 10,000.00 | 1,000.00 | 10.00 |
| 4 | ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | - | 1,000.00 | - |
| 5 | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | 50,000.00 | 15,200.00 | 30.40 |
| 6 | ११६९१ | अन्य कर | 500,000.00 | 533,612.00 | 106.72 |
| | 14151 | सरकारी सम्पतिको बहालबाट प्राप्त आय (एम्बुलेन्स भाडा) | 1,200,000.00 | - | 0.00 |
| 7 | १४२२४ | परीक्षा शुल्क | - | 23,300.00 | - |
| 8 | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | - | 309,187.99 | - |
| 9 | १४२४३ | सिफारिश दस्तुर | 300,000.00 | 240,522.00 | 80.17 |
| 10 | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | 50,000.00 | 45,900.00 | 91.80 |
| 11 | १४२४५ | नाता प्रमाणित दस्तुर | 20,000.00 | 24,825.00 | 124.13 |
| 12 | १४२४९ | अन्य दस्तुर | - | 204,635.00 | - |
| 13 | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | 100,000.00 | 253,444.00 | 253.44 |
| 14 | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | - | 4,700.00 | - |
| 15 | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | 5,000.00 | 164,258.00 | 3285.16 |
| 16 | १४५२९ | अन्य राजस्व | - | 81,375.00 | - |
| 17 | १४६११ | व्यवसाय कर | 300,000.00 | 696,457.00 | 232.15 |
| 18 | १५१११ | बेरूजू | 200,000.00 | 243,000.00 | 121.50 |
| जम्मा | | | 4,135,000.00 | 3,149,564.96 | 76.17 |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

२७ **राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) मा १० दिनसम्म १० प्रतिशत १० दिन भन्दा बढी ढिला गरेमा १० प्रतिशत जरिवाना र विभागीय कारवाही गर्ने व्यवस्था रहेको छ । पालिकाले मातहतका वडाहरूबाट ढिला गरी मालपोत सिफारिस दस्तुर,दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क असुल गरेकोमा ऐनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेकोमा

कुनै कारवाही गरेको छैन । कार्यालयले छलफलको क्रममा विकट भूभाग, हिमपात, कर्मचारी अभाव भएको, न्यून राजस्व संकलन हुने, समयमा दाखिला गर्न बैंक टाढा भएको जानकारी गराए पनि समयमा आन्तरिक आय बैंकमा दाखिला गराउनु पर्दछ ।

२८ **राजस्व दाखिला नगरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ र सोही ऐनको दफा २८(२) मा १० दिनसम्म १० प्रतिशत १० दिन भन्दा बढी ढिला गरेमा १० प्रतिशत जरिवाना र विभागीय कारवाही गर्ने व्यवस्था रहेको छ । वडा नं. ४ का सचिव ज्ञान सिंह कुँवरले कार्यालयबाट ३ थान रसिद ठेली बुझेर लगेकोमा उक्त ठेलीबाट मालपोत सिफारिस दस्तुर, दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको रू. ४२५४६७।०० शुल्क असुल गरेकोमा रू. १२०७४७।०० लेखापरीक्षणको अविधिसम्म दाखिला गरेको देखिएन । उल्लेखित ऐनको व्यवस्था अनुसार राजस्व दाखिला नगर्ने कर्मचारीबाट जरिवाना रू. १२०७४।७० समेत रू. १३२८२१।७० असुल गनुपर्ने देखिएको रु. १३२८२१।७०

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३२,८२१.७ |

२९ **नगदी रसिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ अनुसार कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसबली राजस्वको लेखा रहे वा नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्ने व्यवस्था छ। पालिकाबाट देहाय अनुसारका पदाधिकारीले रसिद ठेली बुझेर लगेको देखिए पनि उक्त रसिद ठेली कार्यालयमा पेश नगरेकोले सोबाट प्राप्त राजस्व रकम यकीन गर्न सक्ने अवस्था छैन ।यस सम्बन्धमा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको सम्बन्धमा कुनै कारवाही गरेको पाइएन । रसिद ठेली बुझेर लाने पदाधिकारीलाई जिम्मेवार बनाई आम्दानी रसिद पेश नगर्ने, सोबाट उठाएको राजस्व समयमा दाखिला नगर्ने सम्बन्धमा छानबिन गरी राजस्व रकम समेत यकिन गर्नुपर्ने देखियो ।

लेखापरीक्षणमा पेश नभएका रसिद ठेलीहरू

| फाँट/वडा | रसिद बुझ्नेको नाम | रसिद नं. | संख्या |
|---|---|---|---|
| वडा नं. १ | विनोद सिंह बुढाथोकी | १-५० नगदी<br>१-१०० मालपोत | ३ थान |
| वडा नं. १ | धिरन सिंह बुढाथोकी | १०१-१५० नगदी<br>१०१-२०० मालपोत | ३ थान |

३० **प्रशासनिक संगठन र जनशक्ति व्यवस्थापन**

प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित जना स्थायी र सेवा करार पदपूर्ती भएको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत शिक्षा, अधिकृत प्रशासन, सि डि ई, जनस्वास्थ्य अधिकृत, आलेप अधिकारी सहित पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३१ **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले उल्लेखित पदहरूमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.६१३५१३५ । भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत दरबन्दी भित्र १२ जना र दरबन्दी वेगर १० जना करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन ।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| इन्जिनियर | १ जना | ५७७९५७ |
| असिस्टेन्ट सब ईन्जिनियर | १ जना | ५११७२६ |
| सहायक कम्प्यूटर अपरेटर | २ जना | ८७५४५२ |
| ना प से प्रा | २ जना | ५००००० |
| पशु प्राविधिक | २ जना | ५४०००० |
| वैद्य | १ जना | २३४००० |
| योग प्रशिक्षक | १ जना | ३२५००० |
| वस्ति हेराउ | १ जना | १९५००० |
| टावर हेरालु | १ जना | ३६००० |
| अ न मि | ८ जना | २०८०००० |
| ल्याव असिस्टेन्ट | १ जना | २६०००० |
| | जम्मा | ६१३५१३५ |

### ३२ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । तर पालिकाले यस वर्ष ८१ जनालाई रु. २१३४३००।०० आर्थिक सहायता वितरण गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

### ३३ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ५ वटा नियमावली, ३१ कार्यविधि, ५ वटा निर्देशिका, ४ वटा नर्म्स समेत ५९ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

### ३४ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

### ३५ प्रगति प्रतिवेदन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

३६ **स्थानीय तह अन्तर्गतका कोषहरु**

आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६(१) ले कोषको अभिलेख अद्यावधिक गरी सोको विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था गरेको छ। पालिका अन्तर्गत रहेका मर्मत संभार कोष, गरिवी निवारण तथा सामाजिक परिचालन कोष, कर्मचारी कल्याण कोष, वातावरणीय व्यवस्थापन कोष लगायतका ७ वटा कोषहरूमा रू. १७ लाख ५५ हजार रकम मौज्दात रहेको विवरण पेश भएको छ ।यस्ता कोषहरूको विवरण अद्यावधिक गर्दै कोषको आय प्राप्तिको उपयोग गर्नुपर्दछ ।

३७ **प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

३८ **खर्च विश्लेषण**

पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु.३१४९५६४।९६, गत वर्षको मौज्दात रू.२८५७१३९०।९८, संघ राजस्व बाँडफाँट रू.७१८३६५८५।६०, प्रदेश राजस्व बाँडफाँट रु.१९३५२१७।१८, अनुदानबाट रु.२७१९३७५३४।००, अन्तर सरकारी अख्तियारी तथा अन्य आयबाट रू.६०७१३६०५।००, विविध आय रू.३२६६५८५५।४८ समेत रू.४७०८०९७५३।२० आम्दानी भएकोमा चालु तर्फ रु.२२५८०१४७४।०६ र पूँजीगत तर्फ रु.१२८५७२८१८।२४ समेत रु.३५४३७४२९२।३० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा ०.८८ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रू.६०६९५००।०० खर्च भएको छ जुन आन्तरिक आयको १.९३ गुणा बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६४ प्रतिशत चालु र ३६ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३९ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु. १२ करोड ८५ लाख ७२ हजार खर्च भएकोमा दोस्रो त्रैमासिकमा २ करोड २३ लाख ९१ हजार अर्थात १७.४२ प्रतिशत तेस्रो त्रैमासिकमा रु. ३ करोड ९३ लाख ८ हजार अर्थात ३०.५७ प्रतिशत र चौथो त्रैमासिकमा रु. ६ करोड ६८ लाख ७३ हजार अर्थात ५२.०१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ५ करोड ४५ लाख ४५ हजार अर्थात ४२.४२ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

| क्र.स. | बजेट उपशीर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत खर्चतर्फ | 128,572 | - | 22,391 | 39,308 | 66,873 | 54,545 |
| प्रतिशत | | | - | १७.४२ | ३०.५७ | ५२.०१ | ४२.४२ |

## ४० कन्टिन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०८०/८१ मा कन्टिन्जेन्सी बापत रू. ४२ लाख कट्टी गरेको छ । उक्त रकम मध्ये रू. ३७ लाख खर्च भएको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

## ४१ कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको बराबरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलबबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । साथै कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

## ४२ निर्माण सम्बन्धी नयाँ सरकारी लेखा फाराम

सरकारी लेखा निर्देशिका, २०७३ बमोजिम सार्वजनिक निर्माणको लेखा राख्ने जिम्मेवारी आर्थिक प्रशाासन शाखा प्रमुखको हुने र सार्वजनिक निर्माणको लेखाको प्रत्येक कार्य र ठेक्का सम्झौता अनुसार छुट्टाछट्टै लागत अनुमान, कार्य अभिलेख खाता, आइटमवाईज कार्य अभिलेख खाता, ठेक्केदारको व्यक्तिगत खाता, नापी किताब नियन्त्रण अभिलेख, डोर हाजिरी नियन्त्रण किताब, लगायतका अनुसुची तथा स्वीकृत म.ले.प.फारमहरू प्रयोग गरी अभिलेख राख्नुपर्दछ। कार्यालयले यस वर्ष समेत निर्माण सम्बन्धी नयाँ म.ले.प.फा.नं. ५०० देखि ५१४ सम्म फारामहरू प्रयोग गरेको पाइएन। यसबाट तोकिएका विवरणहरू तोकिएको ढाँचामा प्राप्त नहुने तथा तोकिएको अभिलेख नराख्दा दोहोरो रूपमा सार्वजनिक निर्माण कार्य नभएको तथा आर्थिक अनुशासन र पारदर्शिता कायम भएको यकिन गर्न सकिने देखिएन।

## ४३ नापी किताब र नापी किताब नियन्त्रण खाता

लेखा निर्देशिका २०७३ मा कार्यालयले ठेक्का वा अमानत वा अन्य प्रकृयाबाट के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्बन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी किताबमा अभिलेख राखी सम्पत्ति भौतिक रूपमा नष्ट नभएसम्म सुरक्षित राख्नुपर्दछ । यो किताब लुज सिटमा नराखी सुरुमा नापी नं. प्रत्येक आर्थिक वर्षका लागि क्रम सङ्ख्या नं. १ बाट सुरु गरी सिलसिलेबार रूपमा राख्नपर्दछ । नापी किताबको मुल अभिलेख राख्न नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) प्रयोग गर्नुपर्दछ । नापी किताब मुद्रित हुना साथ यस खातामा दर्ता गरी सम्बन्धित प्राविधिकलाई नापी किताब दिंदा यस अभिलेख खातामा चढाएर मात्र दिने गर्नुपर्दछ । कार्यालयले तोकिएको प्रक्रिया पुर्याई नापी किताब तयार तथा नापी किताब नियन्त्रण खाता राखेको छैन । यसकारण गत विगतमा भइसकेको कार्य पुनः दोहोरिएको हुनसक्ने सम्भावना धेरै देखिन्छ ।

## ४४ भ्रमण खर्च

सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ः

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

४५ **अनुदान फिर्ता**

संघीय सरकार र प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले संघीय सरकारको रु.१७,७१०,००१।९० र प्रदेश सरकारको रु.१,१६२,९१२।०० समेत जम्मा रु.१८८७२९१३।९० खर्च नभई बाँकी रहेको रकम तत् तत् निकायमा फिर्ता गरेको छ ।

| अनुदानप्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | 142,396,500.00 | 125,376,674.10 | 17,019,825.90 | - |
| | विषेश | 9,004,034.00 | 8,316,148.00 | 687,886.00 | - |
| | समपुरक | 22,000,000.00 | 21,997,710.00 | 2,290.00 | - |
| | अन्य | - | | - | - |
| **प्रदेश सरकार** | शसर्त | 3,950,000.00 | 3,774,286.00 | 175,714.00 | - |
| | विषेश | 2,500,000.00 | 2,487,700.00 | 12,300.00 | - |
| | समपुरक | 5,500,000.00 | 4,525,102.00 | 974,898.00 | - |
| | अन्य | - | - | - | - |
| **जम्मा** | | **185,350,534.00** | **166,477,620.10** | **18,872,913.90** | **-** |

४६ **योजना फरफारक**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने, नियम ९७(७) अनुसार प्रत्येक किस्ताको खर्चको विवरण सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । नियम ९७(१२) अनुसार योजना रेखदेख र मर्मत संभारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई योजना हस्तान्तरण हुनुपर्ने समेत व्यवस्था छ । कार्यालयले नियमावलीमा व्यवस्था भए अनुसार खर्च सार्वजनिकीकरण तथा सामाजिक परीक्षण गराएको देखिएन साथै योजनाको मर्मत संभार र रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिहरूलाई योजना हस्तान्तरण भएको देखिएन । नियमको पालना हुनुपर्दछ ।

४७ **सेवा प्रवाह स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था अनुसार १५ वटा ऐन, ५ वटा नियमावली र २८ वटा कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता ३८२ वटा, मृत्यु दर्ता ८४ वटा, बसाइँसराइ २० वटा, विवाह दर्ता ११२ वटा, सम्बन्ध विच्छेद दर्ता ५ वटा गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

४८ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २, यो वर्ष थप भएको ८ वटा समेत १० वटा मुद्दा रहेकोमा ८ वटा फर्स्यौट भई २ वटा बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

४९ **क्याम्पस अनुदान**

भौ.नं. १५८-२०८१।३।१० स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा स्थानीय तहले आधारभुत र माद्यमिक विद्यालयको शिक्षा क्षेत्रमा गर्न सक्ने कार्यहरू उल्लेख छ । अपिनाम्पा क्याम्पस हुतीलाई भवन मर्मत सम्भारको लागि १६७२०२५।०० को लागत अनुमानको इनामेल पेन्ट, सिमेन्ट प्लाष्टर, कर्पेट, ग्रीलमा इनामेल लगायतको बिल भर्पाइको आधारमा १४२०४००।०० भुक्तानी दिएको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १४,२०,४०० |

५० **प्राकृतिक स्रोत उत्खनन् कार्ययोजना**

ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ मा गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्दा उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्नुपर्ने, प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउने, प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकीन गर्ने, गाउँसभा वा नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमति र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नदीजन्य पदार्थ उत्खनन सम्बन्धी कार्ययोजना तयार गरेको पाइएन । समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदीजन्य पदार्थको उत्खनन, घाटगद्दी र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

५१ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २ वटा सहकारी संस्था रहेको विवरण पेश भएको छ। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

५२ **फोहोरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको बर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै बर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर बर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

५३ **महोत्सव तथा अन्य खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिँदैन । तर गाउँपालिकाले यस वर्ष विभिन्न उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. ४४६०००।०० खर्च गरेको छ ।

५४ **वडा सचिवको पदपूर्ति**

**वडा सचिवको पदपूर्ति:** पालिका अन्तर्गतका वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरूको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | ५ | १ |

५५ **सामाजिक सुरक्षा भत्ता नविकरण शिविर**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा ५ मा नवीकरणको विवरण अध्यावधिक गर्ने सन्दर्भमा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको लागि कार्तिक मसान्तभित्र लाभग्राहीको नवीकरणको अभिलेख अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ भने सामाजिक सुरक्षा नियमावली, २०७६ नियम ९को (३) मा परेको निवेदन सम्बन्धमा सम्बन्धित वडा समितिले जाँचबुझ गरी त्यस्तो परिचयपत्र नवीकरण गरिदिनु पर्नेछ र नवीकरण गरिएको विवरण अद्यावधिक गरी सम्बन्धित वडा कार्यालयले सोको जानकारी स्थानीय तहलाई दिनु पर्नेछ भन्ने व्यवस्था रहेकोमा पालिकाले गो.भौ.नं. १०६।२०८०।८।२७ बाट सामाजिक सुरक्षा भत्ता नविकरण शिविर संचालन गरी निम्न कर्मचारीहरूलाई सहयोग गरेवापत भत्ता रकम भुक्तान गरेको छ । सामाजिक सुरक्षा भत्ता नवीकरण कार्य वडा कार्यालयको नियमित कार्य भएको र सो कार्य गरे वापत कर्मचारीलाई भत्ता वितरण गर्न नमिल्ने रकम अनियमित देखिएको रु.

| | कर्मचारीको नाम पद | रकम |
|---|---|---|
| १ | एम आई एस अपरेटर प्रकाश सिंह कुवर | २०८०० |
| २ | फिल्ड सहायक विन्दु अवस्थी | १८२०० |
| ३ | फिल्ड सहायक धन सिंह धामी | १८२०० |
| | जम्मा | ५७२००।- |

| | |
|---|---|
| अनियमित भएको | ५७,२०० |

५६ **पदाधिकारी भ्रमण**

सुदुरपश्चिम प्रदेश सरकारद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरुलाई आवत जावतको लागि मासिकरूपमा यातायात सुविधा उपलब्ध गराउने व्यवस्था छ । त्यस्तै भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले कार्यालयको शिलशिलामा भ्रमणमा जाँदा कम खर्चिलो र किफायती हुनेगरी सार्वजनिक सवारी साधनको प्रयोग गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ । पालिकाबाट विभिन्न समयमा पदाधिकारीहरु भ्रमणमा जाँदा भौगोलिक विकटता र सार्वजनिक सवारी साधनको पहुँच नभएको कारण देखाई सवारी साधन भाडामा लिएर भ्रमणमा जाने गरेको देखिन्छ । नमुना परीक्षणबाट हेर्दा विभिन्न पदाधिकारीले भ्रमणमा जाँदा गाडीभाडा बापत मात्र रु.३०६००० खर्च गरेको पाइयो । सार्वजनिक पद धारण गरेको व्यक्तिले सार्वजनिक कोषको उच्चतम उपयोग हुने र भ्रमण किफायती हुने गरी खर्च गर्नुपर्दछ ।

५७ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने, भ्रमणबाट फर्के पश्चात उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धि समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राखुपर्ने व्यवस्था छ ।साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्ने उल्लेख छ । गाउँपालिका कार्यालयले यो वर्ष भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शीर्षकमा रु. २४,६५,९२०। खर्च लेखेको देखियो ।

लेखापरीक्षणको क्रममा संकलन गरिएको विवरण अनुसार गाउँपालिकाका पदाधिकारी तथा कर्मचारी सबैले दैनिक भ्रमण भत्ता प्राप्त गरेको देखियो । कार्यालय प्रमुख, लेखा प्रमुख, प्राविधिक शाखा प्रमुख, प्रशासन शाखाका कर्मचारी, जिन्सी हेर्ने कर्मचारी, योजना हेर्ने कर्मचारी नै औचित्य नखुल्ने गरी भ्रमणमा जाने गरेको देखिएको छ । भ्रमण खर्च भुक्तानी भएका सबैजसो भ्रमण आदेशमा भ्रमणको स्पष्ट

उद्देश्य र कारण नखुलाई कार्यालयको कामकाजको लागि भनी उल्लेख गरेको कर्मचारी वा पदाधिकारी भ्रमण गई कार्यालयको काम सम्पादन गरेको पुष्टि हुने प्रमाण तथा भ्रमण प्रतिवेदन पेश हुने नगरेकोले भ्रमण खर्च सरकारी कामको लागि भएको हो भनी यकिन गर्ने अवस्था देखिएन । पेश भएका भ्रमण आदेश तथा भ्रमण बिल लगायत कागजातबाट भ्रमण खर्चको औचित्य पुष्टि हुने देखिँदैन । वडा सचिव, कार्यालय सहयोगी, वडा अध्यक्ष, सदस्य लगायत अधिकांश पदको कार्य विवरण अनुसार पालिका बाहेक अन्यत्र खासै काम नहुनेमा प्रत्येक महिना कार्यालयको कामकाज उल्लेख गरी जिल्ला सदरमुकाम खलङ्गा दार्चुला तथा जिल्ला बाहिर धनगढी लगायत स्थानमा गएको देखाउने गरेको पाइयो । जुन भ्रमणको औचित्य पुष्टि हुने देखिँदैन । भ्रमणमा खटाउने सम्बन्धमा कार्यालय प्रमुखले आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरेको देखिएन । यसरी आवश्यकता र औचित्य वेगर भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण गर्ने परिपाटीमा अविलम्ब नियन्त्रण हुनुपर्दछ ।

५८ **एकल पुरुष सामाजिक सुरक्षा भत्ता**

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरूको छनोटमा ध्यान दिनुपर्दछ ।गाउँपालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि न्यून रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरूमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा व्याँस गाउँपालिकाको स्थानीय सामाजिक सुरक्षा कार्यविधि २०७९ अन्तर्गत रही गाउँपालिकाले ६० जना एकल पुरुष, निःसन्तान तथा अविवाहितहरूलाई मासिक रु.५००।- को दरले आर्थिक वर्ष २०८०।८१ मा रु ३,९०,०००।०० सामाजिक सुरक्षा भत्ता भुक्तानी गरेको देखिन्छ ।सामाजिक सुरक्षा भत्ता आवश्यक वर्गलाई नेपाल सरकारद्वारा नै सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम संचालनमा रहेको अवस्थामा नेपाल सरकारद्वारा नसमेटिएको वर्गलाई आयआर्जन तथा सिपमूलक ज्ञान प्रदान गरी आत्मनिर्भर बनाउनेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५९ **छुट्टै अस्तित्व भएको निकायको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ ।उल्लेखित व्यवस्था अनुसार पालिकाले छुट्टै बजेट व्यवस्था भएको कार्यालयहरू तथा नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन ।सार्वजनिक निकायबाट उपलब्ध गराइएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले अनुदान वितरणको मापदण्ड तयार नगरी तथा वितरित अनुदानको उपयोग, उपलब्धीको लेखाजोखा तथा वितरित अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन र सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । यो वर्ष देहायअनुसारका कार्यालयलाई कार्यालय व्यवस्थापन लगायतमा कार्यविधि वेगर भुक्तानी तथा अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| **गो भौ नं मिति** | **अनुदान प्राप्त गर्ने संस्था** | **अनुदान व्यहोरा** | **अनुदान रु.** |
|---|---|---|---|
| ४२।२०८०।७।१७ | जिल्ला खेलकुद विकास समिति | खेलकुद सामग्री हस्तान्तरण | ५६९०० |
| ६२।२०८०।७।२२ | प्रहरी ईन्चार्ज देब बहादुर महत | विविध खर्च भुक्तानी | ३०४०० |
| १५४।२०८०।९।१३ | प्रहरी चौकी व्यास | पालिकामा अवस्थित प्रहरी चौकीहरूको ईन्टरनेट महशुल भुक्तानी | ९०७५६ |
| २४१।२०८०।११।१७ | शसस्त्र प्रहरी बल | घरभाडा वापतको रकम भुक्तानी | ४८१३०० |
| | जम्मा | | ६५९३५६।- |

६० **पदाधिकरी उपचार**

सुदुरपश्चिम प्रदेश सरकारद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५मा पदाधिकारीहरूको सुविधा अन्तर्गत पदाधिकारीहरूको स्वास्थ्यउपचार वापत भुक्तानी गर्न सक्ने कुनै व्यवस्था रहेको देखिदैन । पालिकाले कार्यपालिका बैठक नं.१७ मिति २०८१।२।२३ को बैठकबाट गाँउपालिका अध्यक्ष मंगल सिंह धामीको उपचार वापतको रकम रु.४००,०००।०० भुक्तानी गर्ने निर्णय गरी सो वापतको रकम फिल्ड सहायक धन सिंह धामीको नाममा रु.३९८३००।०० भुक्तानी गरेको देखिन्छ । गाउँपालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि न्यून रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने विषयहरूमा केन्द्रीत भई कार्य गर्नुपर्नेमा यसरी पदाधिकारीहरूको व्यक्तिगत खर्च समेत कार्यपालिकाबाट निर्णय गराई खर्च गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

## ६१ जरिवाना भुक्तानी

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ बमोजिम धारा विजुली तथा टेलिफोन महशुल समयमै भुक्तानी नगरी जरिवाना लागेमा सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट असुल गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले विद्युत महशुल तथा सवारी साधन नविकरण समयमा तिरी संस्थाले उपलब्ध गराएको छुटको सुविधा लिनुपर्नेमा ढिलो गरी भुक्तानी गर्दा विलम्ब शुल्क समेत तिरेको हुँदा मापदण्डको पूर्ण रूपमा पालना गरेको देखिएन ।विलम्ब शुल्क नतिर्ने गरी आन्तरिक नियन्त्रण प्रणाली बनाउनुपर्दछ ।

| गो भौ नं मित | विलम्ब शुल्क | कैफियत |
|---|---|---|
| १३९।२०८०।९।१२ | ६८५९२।- | नेपाल विद्युत प्राधिकरण |
| ९५।२०८०।८।२२ | १०५५।- | नेपाल विद्युत प्राधिकरण |
| २०८।२०८०।११।११ | १३७७०।- | नेपाल विद्युत प्राधिकरण |

## ६२ तालिम कार्यक्रम

व्यास गाँउपालिकाद्वारा संचालित देहायका सिपमुलक तालिम कार्यक्रमहरूमा प्रशिक्षार्थी छनोटको निश्चित प्रक्रिया तथा आधार वेगर तालिममा सहभागी गराएको देखिन्छ । पालिकाले आफूले संचालन गरेका सीपमूलक तालिम कार्यक्रमबाट उपलब्ध रोजगारीको अवस्था, सीपमूलक तालिमबाट परेको सामाजिक, आर्थिक र व्यावसायिक प्रभाव तथा व्यक्तिगत वस्तुस्थिति समेत समेटेर तालिम प्रभाव मूल्याङ्कन गरेको देखिदैन, साथै पालिकामा विषयगत शाखाका कर्मचारी हुँदा पनि पालिकाले गैर सरकारी संस्थाबाट तालिम कार्यक्रम संचालन गरेको देखिन्छ। यसरी तालिमको आवश्यकता पहिचान गरी तालिम आवश्यक भएको प्रशिक्षार्थीलाई सहभागी गराउनको लागि सामान्य प्रक्रिया पुरा नगरी सहभागी छनौट गरेको तथा तालिमको प्रभाव मूल्यांकन समेत नगरेको हुँदा वास्तविक आवश्यक वर्गले नै तालिम प्राप्त गरेको र तालिम प्रभावकारी भएको भनेर विश्वस्त हुन सकिएन ।

| गो भौ नं मिति | तालिमको नाम | सहभागी संख्या | संचालक | लागत | कैफियत |
|---|---|---|---|---|---|
| ४३८। २०८१।२। ३१ | १५ दिने वेल्डिङ तालिम कार्यक्रम | ५ | व्यास गाँउपालिका वडा नं १ | ९९००० | |
| ५२३। २०८१।३। १८ | युवाहरूकोलागि सिपमूलक मुढा बनाउने तालिम कार्यक्रम | १० | व्यास गाँउपालिका | १४६०५० | |
| ५७९। २०८१।३। २४ | वन तथा वातावरण | २९ | समाज सुधार संस्था | ३९५००० | गै स स बाट तालिम संचालन |
| ५६०। २०८१।३। २३ | संस्कृति प्रवद्धन कार्यक्रम | | समाज सुधार संस्था | ९८००० | गै स स बाट तालिम संचालन |
| ४२९। २०८१।२। ३० | अपांग लक्षित कार्यक्रम अन्तर्गत कपाल काटने सामग्री हस्तान्तरण | १ | व्यास गाँउपालिका | १५०००० | लाभग्राहीको पहिचानको प्रक्रिया तथा कसलाई हस्तान्तरण गरेको सम्बन्धी कुनै प्रमाण संलग्न नभएको |
| | जम्मा | | | ८८८०५०।- | |

## ६३ पालिकाबाट सञ्चालन गर्नुपर्ने कार्य सेवा परामर्शबाट सम्पादन

पालिकाबाट सम्पादन गर्नुपर्ने कार्य सेवा परामर्शबाट सम्पादन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत , विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्ने तथा योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनहरूको सुची बनाई स्थानीय वुद्धिजिवी, विषय विज्ञ , अनुभवी पेशाविद लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा बनाउने व्यवस्था उल्लेख छ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने तथा सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड २०७८ मा सार्वजनिक निकायको संयन्त्रबाट सम्पादन हुन सक्ने संभाव्यता अध्ययनसम्बन्धी कार्य परामर्शदाताबाट गराउन नमिल्ने व्यवस्था रहेकोमा पालिकाले देहायका बमोजिमको कार्य परामर्शदाताबाट गराएको छ । यस प्रकारको कार्यहरु कार्यालयबाट गराई खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ नं।मिति | क्रियाकलाप | परामर्शदाता | रकम |
|---|---|---|---|
| ५४१।२०८१।३।२० | मध्यकालिन खर्च संरचना निर्माण | हुनैनाथ कनसल्टेन्सी | ३०००००।- |
| ५४२।२०८१।३।२० | आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा | अपि सैपाल मंच | २९५६००।- |
| ४१३।२०८१।२।२५ | आवधिक योजना तर्जुमा | अपि सैपाल मंच | १७२८४००।- |
| ५२२।२०८१।३।१८ | भू उपयोग योजना तर्जुमा | हुनैनाथ कनसल्टेन्सी | ४९७६८०।- |
| ५२१।२०८१।३।१८ | सामूदायिक वन नविकरण कार्य | एसिलेरेटेड बायोडायभरसिटी कन्जरभेसन | १९४५८०।- |
| | जम्मा रकम रु | | ३०१६२६०।- |

## ६४ स्थानीय पाठ्यपुस्तक

पालिकाले कक्षा ४ र ५ को स्थानीय पाठ्यपुस्तक लेखन तथा सम्पादन भनी गो. भौ. नं. ५३६।२०८१।३।१९ बाट शिक्षा शाखा प्रमुख नरेन्द्र सिंह बडाललाई रु.३०९०००।- भुक्तानी गरेको देखिन्छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वियन निर्देशिका, २०७६ तथा स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वियनका लागि स्थानीय तहका सरकारी निकायहरूका लागि अभिमुखीकरण निर्देशिका, २०७७ अनुसार स्थानीय पाठ्यक्रममा निम्नलिखित तीन पक्ष हुनुपर्छ भनी स्पष्ट गरेको छ । स्थानीय आवश्यकतामा आधारित र सन्दर्भसँग संवेदनशील हुनुपर्ने, स्थानीय विषयवस्तुलाई समावेश गर्नुपर्ने स्थानीय सहभागिता सुनिश्चित गर्नुपर्ने उल्लेख छ साथै स्थानीय पाठ्यक्रमका लागि सम्भाव्य विषय क्षेत्र भनी मातृभाषा, सांस्कृतिक, सामाजिक विविधता, इतिहास, सांस्कृतिक सम्पदा, भौगोलिक तथा प्राकृतिक स्रोत र तिनको बुद्धिमत्तापूर्ण र दिगो प्रयोग, स्थानीय कलाहरू, जस्तैः (नाच, गीत, परिकार, डोकाडाला, कपडा, सङ्गीत तथा वाद्यन्त्रहरू आदि), स्वास्थ्य तथा सरसफाइ (फोहोर व्यवस्थापन, शौचालय, अस्पताल, स्वास्थ्य केन्द्र, प्राथमिक उपचार, आयुर्वेद, योग, परम्परागत औषधि, जडीबुटी उत्पादन तथा प्रयोग, पोषण), जीविकोपार्जनसँग सम्बन्धित अभ्यासहरू (स्थानीय तहको कृषिको परिचय, पशुपालन, तरकारी खेती, करेसाबारी, स्थानीय सरकारको संरचना तथा कार्य, उपभोक्ता सचेतना) जस्ता विषयवस्तुको प्राथमिकीकरण गरी पाठ्यक्रम निर्धारण गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो निर्देशिका बमोजिम स्थानीय आवश्यकतामा आधारित भइ पाठ्यक्रमको प्राथमिकता निर्धारण गरी सो बमोजिम पाठ्यक्रम तयार गरेको देखिदैन । व्यास क्षेत्रको प्राकृतिक तथा सांस्कृतिक विविधतालाई समेटेर पाठ्यक्रम निर्माण गर्नु पर्नेमा कक्षा ४ र ५ को अनिवार्य पाठ्यपुस्तकमा समावेश भएको विषयवस्तुलाई नै स्थानीय पाठ्यक्रममा समावेश गरेको देखिन्छ। यस तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

६५ **सम्पर्क कार्यालय घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(११) मा सार्वजनिक निकायले वार्षिक पाँच लाख भन्दा बढी भाडा तिर्नुपर्ने गरी घर भाडामा लिनुपरेमा नियम ९४(४) बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने समितिबाट घर भाडा निर्धारण गर्नुपर्ने व्यवस्था छ ।साथै सरकारी खर्चमा मितव्ययिता तथा सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ मा विनियोजित रकम खर्च गर्दा सरकारी निकाय तथा जिम्मेवार व्यक्तिले मितव्ययी तथा गुणात्मक प्रतिफल प्राप्त हुने गरी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले हाल आफ्नो सम्पूर्ण कार्य पालिकाकै प्रशासकीय भवनबाट सम्पादन गरी रहेको अवस्थामा जिल्ला सदरमुकाममा सम्पर्क कार्यालयको लागि १ वटा घरभाडामा लिई भाडावापत रु.१४४०००।०० भुक्तानी गरेको छ । कार्यालय भवन हुँदाहुँदै अन्यत्र भाडामा लिएर सञ्चालन गर्नुको औचित्य पुष्टि नहुने भएकोले यस्तो कार्यमा दोहोरो नपर्ने गरी खर्च गर्नुपर्दछ ।

६६ **गरिबसँग विशेश्वर कार्यक्रम**

गरिबसँग विशेश्वर कार्यक्रम अन्तर्गत ब्याँस गाँउपालिकाले यो आर्थिक बर्ष २ थान मिनिटिलर ७० हजारको दरमा खरिद गरी भुमिराज कृषक समुह र नमज्युग कृषक समुहलाई वितरण गरेकोमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ ।

६६.१ केदार एग्रो स्ट्रोर्स एण्ड सप्लायर्स, खलंगाबाट ७० हजारको दरमा २ थान मिनिटिलर खरिद गरी वडा नं.२ को दुई कृषक समुहलाई वितरण गरेकोमा सुन्सेरा देखि वडा नम्बर २ सम्म सम्म ढुवानी बापत ४० हजार लागेको भनी जम्मा विभिन्न व्यक्तिलाई डोर हाजिर फारम भरी भुक्तानी दिएको छ । जिल्ला दररेट अनुसार ढुवानी विश्लेषण गर्दा निम्न बमोजिम बढी भुक्तानी भएको रकम सहजकर्ता राईमति बुढाथोकीबाट असुल गर्नुपर्ने रु.

| विवरण | जिल्ला दररेट अनुसारको दर | ढुवानी स्थान | दुरी | मिनिटिलर औषत तौल | २ वटा मिनिटिलरको जम्मा तौल | जम्मा लाग्ने ढुवानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| मानिसबाट ढुवानी | ८.५ प्रति कोष प्रति के.जी. | सुन्सेरा देखि राप्ली | ४ कोष | ९० के.जी. | १८० के.जी. | ६१२० | मिनिटिलरको तौल उत्पादक कम्पनीको वेवसाईटबाट स्पेशिफिकेशन अनुसार लिइएको । विभिन्न साईजको ट्रान्सफरमरको लोड अन लोड दर राखिएको |
| जम्मा लाग्ने ढुवानी रकम | | | | | | ६१२० | |
| भुक्तानी दिएको ढुवानी रकम | | | | | | ४०००० | |
| बढी भुक्तानी भएको ढुवानी रकम | | | | | | ३३८८० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,८८० |

६६.२ गरिबसँग विशेश्वर कार्यक्रम कार्यान्वय निर्देशिका, २०७६ को दफा ८ र ९ बमोजिम विपन्न घर परिवार छनोट गर्नको लागि संक्षिप्त घरपरिवार सर्वेक्षणबाट आधारभुत तथ्यांक संकलन गरी सम्पत्तिको स्वामित्व, खाद्यन्न र पोषणको अवस्था, रोजगारीको स्थिति, सामाजिक स्थिति र नेपाल सरकारले पहिचान गरेको गरिब घरपरिवार परिचय पत्र प्राप्त गरेको आधारमा पहिचान गरी स्वेच्छिक रूपमा समुहमा आवद्व गर्ने र तालिम प्रदान गरी आय बृद्विका विभिन्न क्रियाकलाप गर्नुपर्ने उल्लेख छ । पालिकाले गरिब घरपरिवारको तथ्यांक संकलन र पहिचान नगरी वडा मार्फत दुई कृषक समुहलाई मिनिटिलर उपलब्ध गराउने गरी सोझै निर्णय गरेको देखिन्छ । यसरी निर्णय गर्दा बास्तविक गरिव घरपरिवार सहभागी हुनबाट बञ्चित हुन जाने देखिन्छ ।

## ६७ फर्मको नाममा भुक्तानी

सरकारी कारोबार निर्देशिका, २०७६ को दफा ५.१६ मा सरकारी खाताबाट कुनै सप्लायर्स, फर्म तथा निर्माण व्यवसायीलाई भुक्तानी दिंदा A/C Payee चेक मार्फत वा EFT मार्फत सोझै सम्बन्धितको खातामा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्न बमोजिमको रकम फर्मलाई भुक्तानी नदिएर कर्मचारीको नाममा सोधभर्ना दिएको छ। यसमा सुधार गर्नुपर्दछ ।

| गो.भौ.नं..। मिति | खर्चको विवरण | फर्मको नाम | भुक्तानी लिने कर्मचारीको नाम | रकम |
|---|---|---|---|---|
| ३२- २०८०।०८।२७ | स्टेशनरी र छपाई सम्बन्धी | लटिनाथ स्टेशनरी र लटिनाथ छापाखाना | प्रकाश सिंह कुवँर | ६९५०० |

## ६८ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु. ५१४०८६०५/- निकासा गरेकोमा पुरै रकम खर्च देखाई आर्थिक विवरण पेश गरेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता त्रैमासिक रूपमा बैंक मार्फत वितरण गर्ने गरेको पाइयो । यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन् ।

**एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीः** कार्यविधिको दफा २६ (३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ ।

यस पालिकाबाट गत आर्थिक वर्ष २०७९।८० र आर्थिक वर्ष २०८०।८१ मा देहाय अनुसार देहाय अनुसारका लाभग्राही रहेको देखियो।

| सि.नं. | लाभग्राही वर्ग | भत्ता दर | २०७९।८० मा रहेका लाभग्राहीको संख्या | २०८०।८१ मा रहेका लाभग्राहीको संख्या |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक ६८ वर्ष माथि | ४००० | ७६४ | ७८५ |
| २ | ज्येष्ठ नागरिक दलित | २६६० | ४५ | ४८ |
| ३ | ज्येष्ठ नागरिक एकल महिला | २६६० | १०० | १०० |
| ४ | विधवा (आर्थिक सहायता) | २६६० | १६९ | १७९ |
| ५ | पूर्ण अपाङ्ग | ३९९० | ३४ | २९ |
| ६ | अति अशक्त अपाङ्ग | २१२८ | ७६ | ६३ |
| ७ | दलित बालवालिका | ५३२ | ११४ | १०२ |

पालिकाले सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०७९।८० मा लाभग्राहीलाई रु. ५ करोड २९ लाख ४२ हजार खर्च भएकोमा आ.व. २०८०।८१ मा रु. ५ करोड १४ लाख ९ हजार खर्च भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष रु. १५ लाख ३३ हजार घटी खर्च भएको छ ।

६९ **सेनिटरी प्याड खरिद**

सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाको छात्राहरूलाई महिनावारीको समयमा आवश्यक पर्ने महिनावारी सामाग्री उपलब्ध गराई उनीहरूको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छोड्ने प्रवृत्ति न्यूनीकरणको लागि संघीय सरकारबाट निःशुल्क सेनिटरी प्याड खरिद गरी सामुदायिक विद्यालयमा वितरण गर्ने कार्यक्रममा ७ लाख ९८ हजार ४१२ खर्च गरेकोमा देखिएको व्यहोरा निम्न बमोजिम रहेको छ ।

६९.१ खरिद परिमाण र वितरणः सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ अनुसार विद्यालयले आफ्नो छात्राको संख्याको आधारमा आवश्यक पर्ने सेनिटरी प्याडको संख्या माग गर्ने र शिक्षा शाखाले शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्यांकसँग भिडाई आवश्यक पर्ने संख्या विद्यालयलाई उपलब्ध गराउनुपर्ने उल्लेख छ । पालिकाको २०८१ EMIS अनुसार कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थी संख्या, आवश्यक पर्ने प्याड संख्या र वितरण गरेको संख्या निम्नानुसार रहेको छ ।

| विद्यालयको नाम | कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्रा संख्या | 10 महिनाको लागि आवश्यक अधिकतम प्याड संख्या (प्रति महिनाबारी चक्र २ प्याकेटको दरले) | वितरण संख्या |
|---|---|---|---|
| बसन्तपुर मावि, बसेडी | 64 | 1280 | ९०० |
| ब्रह्मस्थान मावि, डोकोट | 49 | 980 | १००० |
| दुर्गास्थान मावि, स्याकु | 72 | 1440 | १०८० |
| हिमालय मावि हुती | 129 | 2580 | १२०० |
| सम्पाल मावि, सुन्सेरा | 160 | 3200 | १२०० |
| सर्वहित आवि | 11 | 220 | ६०० |
| शिर सन्ध्या आवि, रम्पाल | 13 | 260 | ५०० |
| सिंहा मावि सिना | 77 | 1540 | १००० |
| पञ्चदेव आवि, दम्फा | ० | ० | २०० |
| **जम्मा** | **582** | **11500** | **7680** |

पालिकामा कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने छात्राको संख्या हेर्दा १ वर्षको लागि ११५०० आवश्यक पर्नेमा ७६८० थान गरी वितरण गरेको देखिन्छ । विद्यालयले विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने सेनिटरी प्याड भण्डारण क्षमता हेरी त्रैमासिक र अर्धवार्षिक रूपमा माग गर्ने र सोको आधारमा वितरण गर्नुपर्नेमा विद्यार्थी संख्यालाई ख्याल गरेको देखिदैन। विद्यालयले बुझेको सेनिटरी प्याड छात्रा विद्यार्थीको नाम नामेसी सहित अभिलेखिकरण गरी वितरण गर्ने गरी विद्यालय नर्सलाई सम्पर्क व्यक्ति तोक्ने विद्यालय नर्स उपलब्ध नभएमा महिला शिक्षक वा महिला बालविकास सहजकर्ता वा महिला सहयोगी र महिला शिक्षक वा सहजकर्ता उपलब्ध नभएमा स्वास्थ्य तथा जनसंख्या अध्यापन गराउने शिक्षक तोकी भण्डारण तथा वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

६९.२ लागत अनुमानः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामान लागत अनुमान तयारी गर्दा स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र सामान ढुवानी गर्न लाग्ने खर्च, उद्योग बाणिज्य संघले जारी गरेको दर र सम्बन्धित जिल्लास्थित अन्य कार्यालयहरूले चालु र अघिल्ला बर्षहरूमा खरिद गरेको दरभाउको आधारमा लागत अनुमान बनाउनुपर्ने उल्लेख छ । कार्यालयले सुचीकृत भएको तीनवटा फर्मबाट दरभाउ माग गरी लागत अनुमान बनाएकोमा न्यूनतम दर प्रति प्याकेट ९७.३४ कायम गरी तीनवटा फर्मबाट दरभाउ माग गरी न्यूनतम दर पेश गर्ने रुवी ट्रेड एण्ड सप्लायर्स मार्फत ७६८० प्याकेट ९२ को दरमा भ्याट बाहेक रु.७०६५६० को खरिद गरेको छ । पालिकाले लागत अनुमान तयारी गर्दा तीनवटा फर्मबाट दररेट माग गरेतापनि अन्य पालिका तथा कार्यालयबाट खरिद भएको दर समेतलाई आधार मानेको देखिँदैन। पालिकाले लागत अनुमान तयार गर्दा अन्य पालिकाले खरिद गरेको दरभाउलाई समेत ध्यान दिनुपर्ने देखिन्छ ।

७० **शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २४ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | | | | पदपूर्ति | | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | निजी स्रोत | स्थायी | राहत | करार | निजी स्रोत | |
| 1 | श्री ब्रह्मदह आधारभूत विद्यालय डोब | 1 | 1 | 0 | 2 | 1 | 1 | 0 | 2 | 24 |
| 2 | श्री महादेब आधारभूत विद्यालय (१-३) तुसरपानी | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 | 0 | 7 |
| 3 | श्री नमज्युङ आधारभूत विद्यालय (१-३) | 0 | 1 | 0 | 1 | 0 | 1 | 0 | 1 | 27 |
| 4 | श्री गीताभवन आधारभूत विद्यालय (१-५) | 2 | 1 | 0 | 0 | 2 | 1 | 0 | 0 | 31 |
| 5 | श्री आधारभूत विद्यालय चन्दाकोट (१-५) | 2 | 0 | 0 | 0 | 2 | 0 | 0 | 0 | 28 |
| 6 | श्री श्रीचन्द आधारभूत विद्यालय (०-५) मडगाउँ | 2 | 0 | 1 | 1 | 2 | 0 | 1 | 1 | 36 |
| 7 | श्री शिर सिन्धार आधारभूत विद्यालय (१-८) | 5 | 0 | 0 | 0 | 5 | 0 | 0 | 0 | 64 |
| 8 | श्री हुस्कर आधारभूत विद्यालय (१-३) खातीगाउँ | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 | 12 |
| 9 | श्री होस्कर आधारभूत विद्यालय (०-५) डोकट | 2 | 0 | 0 | 1 | 2 | 0 | 0 | 1 | 44 |
| 10 | श्री लटबाब आधारभूत विद्यालय (१-५) जयपुर हुती | 2 | 0 | 0 | 1 | 2 | 0 | 0 | 1 | 45 |
| 11 | श्री बसन्तपुर माध्यमिक विद्यालय बसेडी | 3 | 4 | 2 | 2 | 4 | 3 | 2 | 2 | 188 |
| 12 | श्री चौरीधार आधारभूत विद्यालय (१-५) नाजी | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 68 |
| 13 | श्री रानीस्थान आधारभूत विद्यालय माल | 3 | 0 | 1 | 1 | 3 | 0 | 1 | 1 | 68 |
| 14 | श्री सम्पाल माध्यमिक विद्यालय सुन्सेरा | 8 | 2 | 1 | 9 | 8 | 2 | 1 | 9 | 429 |
| 15 | श्री पञ्चदेवा आधारभूत विद्यालय (१-५) दम्फा | 3 | 0 | 0 | 3 | 3 | 0 | 0 | 3 | 71 |
| 16 | श्री ब्रह्मस्थान आधारभूत विद्यालय (०-१०) डोकट | 2 | 1 | 1 | 11 | 2 | 1 | 1 | 11 | 197 |
| 17 | श्री सिद्ध माध्यमिक विद्यालय (१-१०) सिना | 5 | 3 | 1 | 7 | 5 | 3 | 1 | 7 | 384 |
| 18 | श्री हिमालय माध्यमिक विद्यालय हुती | 11 | 2 | 0 | 6 | 11 | 2 | 2 | 6 | 280 |
| 19 | श्री रानीस्थान आधारभूत विद्यालय (०-५) पनिखाल | 3 | 0 | 0 | 0 | 3 | 0 | 0 | 0 | 69 |
| 20 | श्री मालिकार्जुन आधारभूत विद्यालय (१-५) पन्तोली | 2 | 0 | 0 | 0 | 2 | 0 | 0 | 0 | 26 |
| 21 | श्री गणेश आधारभूत विद्यालय (१-५) बाननी | 1 | 2 | 0 | 0 | 1 | 2 | 0 | 0 | 34 |
| 22 | श्री भूमिराज आधारभूत विद्यालय (१-३) सल्याडी | 2 | 0 | 0 | 0 | 2 | 0 | 0 | 0 | 41 |
| 23 | श्री दुर्गास्थान माध्यमिक विद्यालय स्याँकु | 6 | 4 | 0 | 5 | 6 | 4 | 0 | 5 | 262 |
| 24 | श्री सर्वहित आधारभूत विद्यालय (१-८) दुम्लिङ्ग | 3 | 1 | 0 | 3 | 3 | 1 | 0 | 3 | 74 |
| **जम्मा** | | 69 | 23 | 9 | 55 | 70 | 22 | 11 | 55 | 2509 |

विद्यार्थी संख्या न्यून भएका विद्यालयहरूमा शिक्षक दरबन्दी मिलान गर्ने वा विद्यालय मर्ज गर्नेतर्फ अग्रसर हुनुपर्दछ।

७१ **राजस्व बाँडफाँडबाट शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई राजस्व बाँडफाँटबाट रु. १३७९९७५०।- तलब भत्ता भुक्तानी गरेको पाइयो ।

७२ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ९.३ मा आधारभुत कम्तिमा १०० र माध्यमिक तहमा कम्तिमा २०० विद्यार्थी संख्या भएको विद्यालयहरू मध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धति बमोजिम प्राप्त गरेको अंकको आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने दुई विद्यालयलाई शैक्षिक, व्यवस्थापकिय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेबापत कार्यसम्पादन प्रोत्साहन अनुदान क्रमशः ३ लाख र २ लाख दिन सकिने व्यवस्था छ । पालिकाले सामाजिक परीक्षण मापदण्ड अनुसार अंक प्रदान नगरी प्रस्तावनाको आधारमा विद्यालय छनोट गरी २६३ विद्यार्थी संख्या भएको हिमालय मावि हुतिलाई २ लाख र १६६ विद्यार्थी संख्या भएको बसन्तपुर मावि बसेडीलाई ३ लाख गरी कुल ५ लाख रमक उपलब्ध गराएको छ । कार्यविधिको मापदण्ड पुरा नगरी निकासा दिएको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

७३ **शिक्षकहरुको तलब बैंक मार्फत भुक्तानी**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा विद्यालयले शिक्षकहरूको तलब बैंक मार्फत भुक्तानी तथा शिक्षकहरूलाई मासिक रूपमा तलब भुक्तानी गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले चौमासिकको अनुदान निकासा दिँदा अघिल्लो चौमासिकको तलब बैकमार्फत शिक्षकहरूलाई भुक्तानी गरेको प्रमाण वेगर नै निकासा दिने गरेको देखियो । तसर्थ कार्यालयले अनुदान दिए बमोजिमको शिक्षक राखे नराखेको, राखेको शिक्षकलाई समयमा भुक्तानी दिए नदिएको तथा भुक्तानी दिंदा अघिल्लो निकासामा बढी भएको रकम मिलान हुने गरी शिक्षकलाई भुक्तानी भएको प्रमाणको आधारमा मात्र गर्नुपर्दछ ।

७४ **विज्ञान प्रयोगशाला अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ९.६ मा स्थानीय तहमा ११-१२ कक्षामा जीव विज्ञान, भौतिक विज्ञान र रसायन विज्ञान अध्यापन हुने विद्यालयलाई विद्यार्थी संख्या र विद्यालय जेष्ठताको आधारमा नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिकाको अनुसूचीमा उल्लेख भएको मापदण्डको आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने गरी विद्यालयले पेश गरेको प्रस्तावनाको आधारमा विद्यालय छनोट गर्ने र सोबमोजिम कार्य सम्पादन भए नभएको एकिन गरी अनुदान रकम उपलब्ध गराउने व्यवस्था छ । पालिकाले विज्ञान प्रयोगशालाको लागि सम्पाल मावि सुन्सेरालाई ६ लाख ५० हजार रकम उपलब्ध गराएकोमा निर्देशिकाको अनुसूचीमा उल्लेख भएको मापदण्डको आधारमा पेश गरेको प्रस्तावना बेगर हाल सम्म कुन कुन विद्यालयले कुन कुन अनुदान प्राप्त गरेको छन अभिलेख नगरी निर्णय गरेर अनुदान उपलब्ध गराएको छ । यसरी रकम उपलब्ध गराउँदा पाउनुपर्ने विद्यालयले नै अनुदान प्राप्त गरेको एकिन हुन सकिएन ।

७५ **पुस्तकालय व्यवस्थापन अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ९.५ मा हाल सम्म पुस्तकालय व्यवस्थापन अनुदान प्राप्त नगरेका, पुस्तकालय व्यवस्थापनको लागि पर्याप्त कोठा उपलब्ध भएको विद्यालयलाई उच्च विद्यार्थी संख्या र जेष्ठताको आधारमा छनोट गरी अनुदान उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले ब्रह्मस्थान मावि डोकोटलाई पुस्तकालय बापत ६ लाख ५० हजार रकम उपलब्ध गराएकोमा छनोटको आधार स्पष्ट हुने गरी विद्यालयको प्रस्तावना तथा हालसम्म पुस्तकालय व्यवस्थापन अनुदान प्राप्त गरेको विद्यालयहरू खुल्ने गरी अभिलेख गरेको छैन् । यस्तो अनुदान उपलब्ध गराउदा कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरे बमोजिमको छनोटको आधार खुल्ने र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न लगाएर मात्र विद्यालय छनोट गर्न ध्यान दिनुपर्दछ ।

७६ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, व्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले गाँउपालिका चालु शीर्षकबाट रु२२,२६,०२८।- तथा संघीय शसर्त बजेट उप शीर्षकबाट रु १४५१५०६।- औषधि र उपकरण खरिद गरी रु.३६,७७,५३४।- भुक्तानी दिएको छ। यस सम्बन्धी देखिएका व्यहोराहरू निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधि एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकीन गर्न सकिएन ।

• औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

• पालिकाले आयात गरेको औषधिको स्पेसिफिकेसन अनुसार दाखिला गरेको तथा ईन्सफेक्सन समेत नगरी बुझेकोले तोकेको गुणस्तरका औषधि आए नआएको नखुलेको।

• खरिद गरिएको औषधिमा निःशुल्क वितरणको लागि उल्लेख नभएको

• केही औषधिहरूको भौतिक परीक्षण गर्दा ५ महिना मात्र म्याद भएका औषधि पनि खरिद गरेको र अन्य निकायबाट प्राप्त भएको औषधिको अभिलेख समेत व्यवस्थित गरी राखेको देखिएन ।

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरूको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७७ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने तथा सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड २०७८ मा सार्वजनिक निकायको संयन्त्रबाट सम्पादन हुन सक्ने कार्य परामर्शदाताबाट गराउन नपाउने व्यवस्था रहेकोमा पालिकाले वडा नं १ अन्तर्गतका सामूदायिक वनका उपभोक्तालाई वन तथा वातावरण सम्बन्धी ५ दिने तालिम कार्यक्रम समाज सुधार संस्था नामक गै स स बाट संचालन गराएको देखिन्छ ।नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ मा तालिम कार्यक्रममा खर्चको मापदण्ड निर्धारण गरेकोमा सो मापदण्ड भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| कार्यक्रम | खर्चको विवरण | निर्देशिका अनुसार भुक्तानी हुनपर्ने | भुक्तानी भएको | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| वन तथा वातावरण | १जना प्रशिक्षक तथा १ जना सहायक प्रशिक्षकलाई ५ दिनको प्रशिक्षण भत्ता वापत भुक्तानी | १४०० प्रति सेसन सहायक प्रशिक्षकका लागी १००० प्रति शेसन | १७२५ प्रति सेसन १५०० प्रति सेसन | ४१२५।- |
| | निर्देशिकामा उदघाटन समापन भत्ता वापत व्यवस्था नरहेकोमा ७ जनालाई २ दिनको रु१५०० को दरले उदघाटन समापन भत्ता भुक्तानी गरेको | ० | १८००० | १८०००।- |
| | सहयोगी भत्ता वापत १ जनालाई ५ दिनको भत्ता रकम भुक्तानी | १५० प्रतिदिन | १००० प्रति दिन | ४२५०।- |
| | कार्यालय व्यवस्थापनवापत भनि गै स स को अध्यक्षलाई भुक्तान गरिएको रकम निजबाट असूल गर्नुपर्ने | ० | ३७००० | ३७००० |
| | कार्य सञ्चालन निर्देशिका, २०७७मा तालिम कार्यक्रमको अनुगमन वापत भत्ता दिने व्यवस्था नभएको हुदा पदाधिकारीहरूलाई अनुगमन वापत भुक्तान रकम | | | २१००० |
| | प्रतिवेदन वापतको भत्ता रकम | १५०० | १०००० | ८५०० |
| | सहभागी भत्ता २९ जनालाई ५ दिनको | ७०० | १००० | ४३५०० |
| | संयोजक भत्ता- १ जनालाई प्रतिदिन १५०० को दरले ५ दिन | ४०० | १५०० | ५५०० |
| | | | जम्मा | १३७७५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३७,७५० |

७८ **कर्मचारी मार्फत भुक्तानी**

पालिकाले इलेक्ट्रोनिक फण्ड ट्रान्सफर प्रणाली लागु भएपश्चात पनि विभिन्न समानहरू खरिद भएका फर्म तथा पार्टीहरूलाई सिधै भुक्तानी नदिई कर्मचारी मार्फत भुक्तानी दिएको पाइयो । यसरी भुक्तानी दिने प्रवृत्तिमा सुधार हुनुपर्दछ । केही उदाहरण निम्न छन् ।

| गो भौ नं मिति | कामको विवरण | भुक्तानी पाउने कर्मचारी | रकम |
|---|---|---|---|
| १७७।२०८०।९।१५ | १४ औ गाँउसभा संचालन | कृण्णानन्द बडु | २७७३५०।- |
| १८९।२०८०।१०।८ | पालिका स्तरिय राष्ट्रपति रनिङ्गशिल्ड कार्यक्रम | शिक्षा शाखा प्रमुख नरेन्द्र सिंह बडाल | ३५५६००।- |
| २२९।२०८०।११।१६ | जिल्ला स्तरिय राष्ट्रपति रनिङ्गशिल्ड कार्यक्रम | शिक्षा शाखा प्रमुख नरेन्द्र सिंह बडाल | ७९५३००।- |
| ४३८।२०८१।२३१ | वेल्डिङ तालिम कार्यक्रम | वडा सचिव विनोद सिंह बुढाथोकी | ९९००० |
| ४५७।२०८१।३।६ | संचार महशुल | सुचना प्रविधि अधिकृत शिव राज बडु | २०५३२१ |
| ४६३।२०८१।३।१० | संचार महशुल | वडा सचिव जमान सिंह बडाल | ११३००।- |
| ५३५।२०८१।३।१९ | दलित लक्षित कार्यक्रम उन्नत जातको भाले बंगुर खरिद | पशु स्वास्थ्य प्राविधिक सुजन रोक्का | १३००००।- |

७९ **खेलकुद कार्यक्रम**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(6) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउन पर्ने व्यवस्था, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०(2) मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ बमोजिम अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा आर्थिक कारोबार प्रचलित कानूनबमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको, कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति भएको कामको गुणस्तर र परिमाणसमेत सन्तोषजनक भएको, कुनै काम अनावश्यक रूपमा दोहोरो हुनेगरी नगरिएको, स्वीकृत लागत र खर्चको सीमाभित्र रही कार्यकम सञ्चालन गरिएको जस्ता विषय सुनिश्चित भएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लिखित व्यवस्था अनुसार मितव्ययिता नीति अवलम्बन तथा मापदण्ड तयार नगरी राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगितामा कर्मचारिलाई लागत अनुमान तयार समेत नगरी एकमुष्ट पालिकास्तरीयको लागि गोश्वारा भौचर नम्बर १८९-०८०-१०-८ बाट रु.३५५६००।- तथा जिल्ला स्तरको लागि गोश्वारा भौचर नम्बर २२९-०८०-११-१६ बाट रु. ७९५३०० समेत रु. ११५०९०० खर्च गरेको छ । पालिका तथा जिल्ला स्तरिय खेलकुद कार्यक्रम वार्षिक रूपमा सन्चालन हुने भएकोले कार्यालयले खर्च को मापदण्ड तयार गरी खर्च गर्नुपर्दछ । रु १ लाख भन्दा बढीको होटल सेवा खरिद गर्दा निश्चित मापदण्डको आधारमा लागत अनुमान तयार गरी र न्यूनतम दर माग गरी प्रतिस्पर्धात्मक रूपमा सेवा खरिद गर्नुपर्नेमा नगरेको रु २० हजार भन्दा बढीको खरिद मूल्य अभिवृद्धि करमा दर्ता भएकासँग खरिद गर्नुपर्नेमा सहभागीलाई खाजा, खाना, होटल बास, यातायात खर्च लगायतमा अधिकांश पान बिल संलग्न गरी खर्च गरेको रकम सम्बन्धमा वास्तविकता एकिन गरी खर्च रकम मितव्ययी तथा प्रभावकारी भएको सुनिश्चितता गर्नुपर्दछ ।

८० **खर्चको पुस्ट्याई** (५२७-२०८१-३-१९):

सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २६ मा कार्यालयले कुनै कार्यको भुक्तानी दिँदा पेश भएको विल भर्पाइ परीक्षण गरी रितपूर्वक भएमा प्राप्त भएको १५ दिन भित्र वजेटको सिमा भित्र रहने गरी भुक्तानी दिन सक्ने व्यवस्था छ । विभिन्न समयमा चामल, दाल, नुन, मसला, चिनी आदि खरिद गरेको भनी एभरेष्ट होटल वियरवारको विल राखी नवराज कुवँरलाई रु.१२२८०० भुक्तानी दिएको देखिन्छ । उल्लेखित सामाग्रीको प्रयोजन नखुलेको रकम अनियमित देखिएको रु.

| अनियमित भएको | १,२२,८०० |
|---|---|

८१ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन**

पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन विज्ञापन नियमन गर्ने ऐन २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६ क को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ । त्यस्तै, गोरखापत्र संस्थान धर्मपथ काठमाडौंले मिति २०७४/४/२३ को पत्रमा सरकारी विज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नीतिगत व्यवस्था गरेको उल्लेख छ । गोरखापत्र बाहेक अन्य प्रकाशन समेतले सरकारी सुचना तया विज्ञापनमा छुट दिने निर्णय गरेको देखिन्छ तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु. ५९८२६०।- खर्च गरेकोमा उक्त व्यवस्थाको कार्यान्वयन गरेको पाइएन । साथै सूचना विज्ञापन छपाई गर्दा कार्यादेश समेत संलग्न नभई विलको आधारमा भुक्तानी भएकोले यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यम प्रयोग गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ।पालिकाले निम्न पब्लिकेशनहरू मार्फत छपाएको विज्ञापनहरूमा १० देखि १५ प्रतिशतसम्म मात्र छुट लिई भुक्तानी गरेको देखियो ।कार्यालयले विज्ञापन प्रशासनमा मितव्ययिता कायम गर्न अधिकतम छुट लिन पहल गर्नु पर्दछ ।

| **गो भौ नं मिति** | **एजेन्सी** | **रकम** | **छुट प्रतिशत र रकम** | | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|
| | | | लिएको छुट | लिनुपर्ने छुट | |
| २।२०८०।३।२३ | एलिना एडभरटिजमेन्ट | १६८०८७ | १५ प्रतिशत रु २५२१३ | २५ प्रतिशत रु ४२०२१ | १६८०८ |
| | एक्सीलेन्ट एडभरटिजमेन्ट सर्भिस | ७५२०७ | १५ प्रतिशत रु११७४५ | २५ प्रतिशत रु १९५७५ | ७८३० |
| २१६।२८१।३।२४ | विभिन्न | २५४४०० | ० | ६३६०० | ६३६०० |
| १५१।२०८०।९।१२ | दार्चुला एडभरटाईजिङ | १५०००० | १५ प्रतिशत रु५०२२० | २५ प्रतिशत ८३७०० | ३३४८० |
| | | | जम्मा | | १२१७१८।- |

८२ **बहुवर्षीय सम्झौता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने तथा खरिद कारबाहीको तयारी गर्दा खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्नुपर्ने तथा नियम ६ मा खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्न नहुने तथा आयोजनाको बहुबर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ मा भएका शर्त पुरा नगरेका तथा मध्यकालीन खर्च संरचनामा सामेल नभएका आयोजना र कार्यक्रमलाई बहुर्षीय ठेक्काको लागि स्रोत सहमति नदिइने उल्लेख छ। पालिकाले वडा नं. २ को भवन निर्माणको ठेक्का सम्झौता अवधि तीन आर्थिक वर्ष हुने गरी निर्माण व्यवसायीसँग सम्झौता गर्ने गरेको देखियो। यसरी नियममा भएको व्यवस्था विपरित निर्माण कार्य गर्दा निर्माण कार्य अलपत्र पर्ने, श्रोत सुनिश्चितता नहुने तथा बढी खर्चिलो हुने तथा कम गुणस्तर हुने देखिन्छ।

| ठेक्का नं. | कार्यको विवरण | निर्माण व्यवसायी | **सम्झौता रकम** (मु.अ.कर र प्रोभिजनल सम बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 03-VRM-NCB-078-79 | वडा नं. २ भवन निर्माण | श्री एल.बि. एण्ड ए.बि. बिल्डर्स प्रा.लि. | १२५५४१०६। | ठेक्का सम्झौता अवधि ३ आर्थिक वर्षहुने गरी सम्झौता |
| 03-VRM-NCB-079-80 | वडा नं. ५ भवन निर्माण | श्री रिठगडे कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ६८५०३९०। | ठेक्का सम्झौता अवधि २ आर्थिक वर्षहुने गरी सम्झौता |
| 04-VRM-NCB-079-80 | तिमुरपाटा, हुती, धौलाकोट, मडगाउँ माल सडक (क्रमागत) | श्री चम्पेश्वर निर्माण सेवा प्रा लि | ७६१२०६४७। | ठेक्का सम्झौता अवधि ३ आर्थिक वर्षहुने गरी सम्झौता |
| 03-VRM-NCB-080-81 | श्री रानीस्थान बह्लम मन्दिर सांस्कृतिक तथा पर्यटकिय क्षेत्र निर्माण | श्री जय दुर्गे निर्माण सेवा | १७३४८२१५। | ठेक्का सम्झौता अवधि ३ आर्थिक वर्षहुने गरी सम्झौता |
| 04-VRM-NCB-080-81 | वडा नं. ६ भवन निर्माण | श्री दुदिर मष्ट निर्माण सेवा | १०६१७८६१। | ठेक्का सम्झौता अवधि २ आर्थिक वर्षहुने गरी सम्झौता |

८३ **तिमुरपाटा, धौलाकोट, मडगाउँ माल सडक (क्रमागत)**

ठेक्का नं 03-WORKS-NCB-VRM-080-81 को २०८०।१।३ मा निर्माण व्यवसायी श्री जय दुर्गे निर्माण सेवासँग २०८२।१०।३० सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ७,६१,२०,६४७।-(मु.अ.कर र प्रोभिजनल सम बाहेक) भएको कार्य रु ६,१९,५७,४६३। (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा सम्झौता भई रु ४०८३०९७१।- (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा कार्यसम्पन्न भएको सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छनः

८३.१ सडक चेनेजः पालिकाले सडकहरू नामाकरण नगरेको तथा गतविगतमा भएका सडक निर्माण कार्यहरूको नापी अभिलेख तथा नापी नियन्त्रण खाता नराखेको हुनाले एउटै कार्यको दोहोरो भुक्तानी हुनसक्ने देखिन्छ। आर्थिक वर्ष ०७८।७९ र ०७९।८० मा यही योजनामा खर्च भएको तथा यस तथा गतविगत वर्षमा समेत उपभोक्ता समिति मार्फत कार्य भएको कार्यालयको सूत्र सफ्टवेयरबाट देखिन्छ। यस वर्ष भएको कार्यमा गतविगतमा भएको कार्य कुन चेनजसम्म भएको हो सो नापी किताबमा खुलाएको देखिदैन। यसकारण दोहोरो कार्यको भुक्तानी नभएको यकिन गर्न सक्ने विश्वस्त आधार देखिएन। तसर्थ पालिकाले अनिवार्य रूपमा विगतमा भएको कार्यको अभिलेखीकरण तोकिएको ढाचाँमा गर्नुपर्दछ।

८३.२ कार्यमा ढिलाईः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न गरिनु पर्दछ। लेखापरीक्षणको अवधि २०८१।६।५ गतेसम्म यस आयोजनाको १ वर्षको ५ महिनाको अबधिमा (सम्झौता अवधिको ५० प्रतिशत अवधि १७ महिना समाप्त हुदाँ) दोस्रो रनिङ्ग बीलसम्म रु. ४०८३०९७१।- एक्साभेसनको काम मात्र उक्त आइटममा अधिकतम मूल्य राखी भएको छ। बाँकी कार्य यहि गतिमा निर्माण व्यवसायीले गर्दा तोकिएको समयभन्दा बढी लाग्ने देखिन्छ। तसर्थ कार्यालयले निर्माण व्यवसायीको कारणले भएको ढिला कार्यलाई नियन्त्रण गरी अविलम्ब कार्य सम्पन्न गराउन तथा सार्वजनिक खर्चमा प्रभावकारीता तथा मितव्ययिता कायम गर्न कानुनबमोजिम आवश्यक कदम चाल्नुपर्दछ।

८३.३ योजनाको आवश्यकता र औचित्यः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने

उल्लेख छ। तर पालिकाले उक्त स्थानमा टिंकर सडक निर्माण भैरहेको अवस्था यस सडकको आवश्यकता तथा औचित्य पुष्टि नहुने तथा उक्त सडकको सम्पूर्ण लम्बाईको लगत कट्टा तथा डि.पि.आर. अनुसारको लम्बाई र स्थानमा ठेक्का समेत नभएको अवस्था यस प्रकार सडकको आवश्यकता पुष्टी हुने प्रमाण कागजात पेश हुन नआएकोले योजना प्रभावकारी तथा औचित्यपूर्ण भएको यकिन हुन सकिएन।

८३.४ बोलपत्रदाताको विशेष मूल्यांकनः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ (१) (ख) मा अन्य कुराको अतिरिक्त वोलपत्रदाताले विल अफ क्वान्टिटिमा संलग्न आईटमको लागि उल्लेख गरेको प्रति एकाइ दर विश्वसनीय नभएमा निर्माण कार्यको वोलपत्रको विशेष मूल्याङ्कन गर्नुपर्ने तथा उपदफा (३) मा मूल्याङ्कन समितिले उपनियम (२) बमोजिम मागेको स्पष्टिकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्रदातासाँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबरको थप कार्यसम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्न सिफारिस गर्न र त्यस्तो स्पष्टीकरण सन्तोषनजक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। यस निर्माण कार्यमा वोलपत्रदाताले विल अफ क्वान्टिटिमा संलग्न आईटमको लागि उल्लेख गरेको प्रति एकाइ दर विश्वसनीय नभएमा देखिएकोले थप कार्यसम्पादन नलिई निर्माण कार्य गराउँदा निर्माण कार्य अलपत्र पर्न सक्ने देखिएकोले पालिकनले निर्माण व्यवसायीको कारणले भएको ढिला कार्यलाई नियन्त्रण गरी अविलम्ब कार्य सम्पन्न गराउन विशेष ध्यान दिइ नियममा भएको व्यवस्था बमोजिम सम्झौता रकम रु ७,०३,२६,९३४। को ८ प्रतिशतले हुने रकम रु ५६,२६,१५४।- थप कार्यसम्पादन लिनुपर्दछ।

८३.५ बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। यस आयोजनामा एक्साभेसन गर्नुपर्ने क्षेत्रफलमा साइट सफा गर्नुपर्ने कार्य गर्नुपर्ने नभएकोले सो कार्यको भुक्तानी दिएको रु.१६६७५०।- र त्यसमा लाग्ने मु.अ.कर रकम रु.२१६७७।- गरी रु. १८८४२७।- भुक्तानी दिएकोले असुलउपर गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८८,४२७ |

८४ **माल लिफ्टिङ्ग खानेपानी**

**माल लिफिटिङ्ग खानेपानीः** ठेक्का नं 02-NCB-BRM-080-81 को २०८०।०९।२७ मा निर्माण व्यवसायी श्री बम निमार्ण सेवासँग २०८१।०३।२६ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु **८७,९५,४०२,।(मु.अ.कर र प्रोभिजनल सम बाहेक)** तथा रु ५३,**२३,०७०। (मु.अ.कर र प्रोभिजनल सम बाहेक)** मा सम्झौता भई रु ५१,९५,९४५। **(मु.अ.कर र प्रोभिजनल सम बाहेक)** मा कार्यसम्पन्न भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

८४.१ **लागतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३, ५क र ९ बमोजिम प्राविधिक सामानको लागत अनुमान तयार गर्नुपर्दा सम्बन्धित विशेषज्ञबाट गराउनुपर्ने उल्लेख छ । पालिकाले प्राविधिक रूपमा जटिल स्पेशिफिकेशन भएको लिफ्टिङ्ग खानेपानीको लागत अनुमान तथा प्राविधिक स्पेशिफिकेशन उक्त कार्यसँग अप्रत्यक्ष सम्बन्धित प्राविधिक सिभिल ईन्जिनियरबाट गराएको देखिन्छ । यसरी विषयगत रूपमा विशेष प्राविधिक ज्ञान आवश्यक हुने कार्यका लागि असम्बन्धित विशेषज्ञबाट गराउँदा गुणस्तर, मितव्ययी र प्रभावकारी हुने कुरामा विश्वस्त हुनसक्ने अवस्था देखिदैन । साथै भएको कार्य स्वीकार गर्दा गुणस्तर चेकजाँच गरेको पाईएन ।

८४.२ जिन्सी दाखिला तथा प्राविधिक स्पेसिफिकेशन निरीक्षण तथा स्वीकृतिः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको वा खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहयता वा अन्य कुनै प्रकारले प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधि लगत तयार गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नु गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक

निकायले खरिद कारबाहीको अभिलेखको रूपमा राख्नु पर्ने उल्लेख छ। तर कार्यालयले खरिद गरेको रु. २९१७७५६।- को सोलार प्यानल तथा अन्य सामानहरूको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर तोकि लागत अनुमान तयार नगरी सोझै खरिद गरिएकोमा सो सामानहरू गुणस्तर भए/नभएको यकिन हुने गरी तोकिएको तथा आवश्यक स्फेसिफिकेशनबमोजिम प्राप्त भएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। यसकारण प्राप्त सामान तोकिएबमोजिमको स्फेसिफिकेशनअनुसार प्राप्त भए नभएको यकिन गर्न विश्वस्त आधार नदेखिएको तथा उक्त सामान PAMS मा दाखिला भएको तथा पालिकाको नाममा warranty card प्राप्त समेत भएको नदेखिएकोले सो सम्बन्धी प्रमाण राख्नुपर्दछ।

८४.३ नमिल्ने खर्चः १४-२०८०।१२।१३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले वडा नं. १ जोड्ने घोरेटो बाटोको अनुगमन कार्यवापत रू. ८४०००। खर्च लेखेको छ । उक्त वडामा गाडी चल्ने बाटो नभएको कारण गाडी भाडा भुक्तानी दिन नमिल्ने देखिएको रकम असुल गर्नुपर्ने रू. ८४०००।-

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८४,००० |

८४.४ **ड्रइङ भन्दा फरक तथा घटाउनुपर्ने कार्य:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने र नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बीलको भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले घटाउनुपर्ने कार्य कुल भएको कार्यमा नघटाइ तथा ड्रइङ्गभन्दा निम्न कार्यमा बढी भुक्तानी दिएको देखिन्छ। तसर्थ कार्यालयले घटाउनुपर्ने कार्य नघटाई तथा ड्रइङ्गमा भएको भन्दा फरक कार्यको रु. ४०७३१६६।- भुक्तानी गरेकोले उक्त परिमाणको वास्तविक कार्यसम्पादन अनुसारको मूल्याङ्कन पेश गर्नु पर्ने रु.

| **निर्माण कार्य** | **दिनुपर्ने** | **दिएको** | **बढी भुक्तानी (मु अ कर समेत)** | **निर्माण व्यवसायीको नाम** |
|---|---|---|---|---|
| प्रशासकीय भवन निर्माण | ९३१०१४५० | ९६४६६२७१ | ३३६४८२१ | श्री रोयल/ एल.बि. एण्ड ए.बि. जे.भी. |
| वडा नं. २ भवन निर्माण | १५५९७१४८ | १५९९४१४० | ३९६९९२ | श्री एल.बि. एण्ड ए.बि. बिल्डर्स प्रा.लि. |
| वडा नं. ५ भवन निर्माण | ६२७३१७३ | ६५८४५२६ | ३११३५३ | श्री रिठगडे कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| **जम्मा** | | | **४०७३१६६।** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,७३,१६६ |

८५ **बोलपत्र सम्बन्धी कागजात (Standard bid document)**

बोलपत्र सम्बन्धी कागजात (स्टेण्डर्ड विड डकुमेन्ट): सार्वजनिक खरिद नियमावलीको नियम ३७ मा बोलपत्र सम्बन्धी कागजातमा ऐनको दफा १३ मा उल्लेखित कुरा बाहेक सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको अन्य कुराहरू हुने तथा नियम २४ मा कुनै खरिद सम्झौता सम्बन्धमा आवश्यक शर्तहरू सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी बमोजिम हुने उल्लेख छ । कार्यालय सार्वजनिक निकायले खरिद प्रक्रिया बोलपत्र वा सिलबन्दी दरभाउपत्र मार्फत गर्दा उक्त फारम प्रयोग गरेकोमा जि.सि.सि. बमोजिम एस्.सि.सि. मा अनिवार्य रूपमा तोक्नुपर्ने कार्यतालिका, एजबिल्ट ड्रङ्ग र बीमासम्बन्ध शर्त राखेको देखिएन। यसकारण निर्माणव्यवसायीहरू जि.सि.सि. मा भएको शर्तहरू पुरा गर्न बाध्य भएको देखिएन। तसर्थ कार्यालय बोलपत्रसम्बन्धी कागजात तयारीमा जिम्मेवार हुनुपर्दछ।

८६ **श्री हिमालय मा.वि. दार्चुला ६ विद्यालय भवन**

ठेक्का नं. 01-WORKS-NCB-VRM-080-81 को २०८०।८।२५ मा निर्माण व्यवसायी श्री आवरण मेटल इन्जिनियरीङ्ग कन्स्ट्रक्सन प्रा.लि.सँग २०८१।९।१६ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ४,१६,३०,०२७।- (मु.अ.कर र प्रोभिजनल सम बाहेक) भएको कार्य रु २,८२,१७,७९७। (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा सम्झौता भई हालसम्म कुनै रनिङ्ग बील प्राप्त नभएको सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छनः

८६.१ पेश्कीः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क) को (६) मा लिएको पेश्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको पेश्की अग्रीम बैङ्क जमानत जफत गरी लिनुपर्ने, Standard Bid Document को SCC को बुँदा नं. ४८.३ मा मासिका कार्यसम्पादन प्रमाणको आधारमा पेश्की फर्स्यौट गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र नगरेको कारणले यस नियम बमोजिमको पेश्की फर्स्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम (३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेश्की फर्स्यौट गर्नुपर्ने तथा निजबाट त्यस्तो पेश्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायी श्री आवरण मेटल इन्जिनियरिङ्गले विद्यालय भवन निर्माण गर्न मिति २०८१।१।१७ मा रु २८,००,०००।- तथा मिति २०८१।२।२४ मा २३०००००।- पेश्की लिएको लेखापरीक्षणको क्रममा कुनै रनिङ्ग बील पेश नभएकोले पेश्की रकम अन्यत्र प्रयोग भएको देखिएकोले भुक्तानी दिएको पेश्की रकममा लाग्ने व्याज २०८१ आषाढ महिनासम्मको रु. ७७५००।- अग्रीम बैङ्क जमानतबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,५०० |

८६.२ कार्यमा ढिलाईः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न गरिनु पर्दछ। लेखापरीक्षणको अवधी २०८१।६।५ गतेसम्म यस आयोजनाको ९ महिनाको अबधिमा (सम्झौता अवधिको ७२ प्रतिशत ) पहिलो रनिङ्ग बीलसम्म रु २६९९०१७०। एक्साभेसनको काम मात्र उक्त आइटममा अधिकतम मुल्य राखी भएको छ। बाँकी कार्य यहि गतिमा निर्माण व्यवसायीले गर्दा तोकिएको समयभन्दा बढि लाग्ने देखिन्छ। तसर्थ कार्यालयले निर्माण व्यवसायीको कारणले भएको ढिला कार्यलाई नियन्त्रण गरी अविलम्ब कार्य सम्पन्न गराउन तथा सार्वजनिक खर्चमा प्रभावकारीता तथा मितव्ययीता कायम गर्न कानुनबमोजिम आवश्यक कदम चाल्नुपर्दछ।

८६.३ मापदण्डको पालनाः विद्यालयको भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० को बुँदा नं. ६ मा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन गर्नुपर्ने तथा बुँदा नं. ७ र ९ बमोजिम मापदण्ड पालना गरी मात्र विद्यालय निर्माण कार्य गर्नुपर्ने व्यवस्था छ। पालिकाले मापदण्डको पालना नगरी विद्यालय भवन निर्माण गरेको देखिन्छ। तसर्थ पालिकाले विद्यालय भवन निर्माण गर्दा तोकिएको मापदण्ड पुरा गरी मात्र विद्यालय जस्तो संवेदनशिल निर्माण कार्य गर्नुपर्दछ।

### ८७ कार्यसम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रोङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने तथा उपनियम (२क) मा उपनियम (२) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा उपनियम (१क) बमोजिमको अभिलेख समेत संलग्न गर्नुपर्ने उल्लेख छ।पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम प्रक्रिया पुर्याई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन बनाउने गरेको छैन।यसबाट निर्माण व्यवसायीको त्रुटी सच्याउने दायित्वबाट पन्छिन पाउने तथा त्रुटिसम्बन्धि अभिलेख नहुनुको साथै निर्माण कार्य दीर्घकालिन, गुणस्तरयुक्त तथा स्वीकृत ड्रोङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम नहुने देखिन्छ। तसर्थ पालिकाले नियममा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ।

### ८८ एजविल्ड नक्सा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) तथा कार्यालयको स्वीकृत बोलपत्र फारमको जि.सि.सि. र एस्.सि.सि. मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायी निर्माण भए बमोजिमको एज विल्ट

नक्सा सार्वजनिक निकायमा पेश गरेमा मात्र अन्तिम बील भुक्तानी गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले यस वर्ष निर्माण सम्पन्न गरेको निम्न आयोजना निर्माण कार्यहरूको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन। तसर्थ कानुनी व्यवस्थाबमोजिम एजबिल्ट नक्सा पेश हुनुपर्ने रु

| **निर्माण व्यवसायीको नाम** | **कार्य** | **जरिवान रकम** | **कैफियत** |
|---|---|---|---|
| रोयल एल.बि. एण्ड ए.बि. जे.भी. | प्रशासकीय भवन निर्माण | ५००००। | कानुन बमोजिम एजबिल्ट नक्सा पेश नभई अन्तिम भुक्तानी दिएको |
| एल.बि. एण्ड ए.बि. बिल्डर्स प्रा.लि. | वडा नं २ को कार्यालय भवन निर्माण | नखुलेको | ऐ. ऐ. |
| रिठगडे टेड्रर्स एण्ड सप्लायर्स | वडा नं ५ को कार्यालय भवन निर्माण | नखुलेको | ऐ. ऐ. |
| बम निर्माण सेवा | माल लिफ्टिङ्ग खानेपानी योजना | नखुलेको | ऐ. ऐ. |
| | | प्रमाण पेश नगरेको | ५०,००० |

८९ **बीमा**

सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैंयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमका तोकिएको कुराको बीमा गराउनुपर्ने उल्लेख छ। बि.ओ.क्यु. मा बीमाको आइटम उल्लेख गरे पनि निर्माण व्यवसायीले तोकिए अनुसारको बीमा गराएको देखिएन । वीमा नगराई रनिङ बील भुक्तानी दिने कर्मचारीलाई जिम्मेवार बनाई नियममा भएको व्यवस्था बमोजिम संभावित जोखिम कम हुने गरी अविलम्ब बीमा गराउनुपर्दछ ।

९० **भेरिएसन आदेश**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वियनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्ल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएसनको परिमाण खुलाई भेरिएसन गर्न सकिने तथा सार्वजनिक खरिद ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ। कार्यालयले ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदली लागत अनुमान भएको कार्य भन्दा फरक गर्नुको कारण र औचित्यसहित भेरिएसन आदेश स्वीकृत वेगर निम्न कार्यहरू गरेकोले भेरिएसन आदेश स्वीकृत भएको प्रमाण पेश हुनुपर्ने रु

| **कार्यको विवरण** | **निर्माण व्यवसायीको नाम** | **शुरुको लागत अनुमानमा** | | |
|---|---|---|---|---|
| | | **बढेको कार्य** | **घटेको कार्य** | **खुद कार्य** |
| प्रशासकीय भवन निर्माण | रोयल एल.बि. एण्ड ए.बि. जे.भी. | ७२०२८४५ | (१४५७६३२५) | (७३७३४८०) |
| वडा नं २ को कार्यालय भवन निर्माण | एल.बि. एण्ड ए.बि. बिल्डर्स प्रा.लि. | ७०६५०८ | (९३८१३३) | (२३१६२५) |
| वडा नं ५ को कार्यालय भवन निर्माण | रिठगडे टेड्रर्स एण्ड सप्लायर्स | - | (१००२४८४) | (१००२४८४) |
| माल लिफ्टिङ्ग खानेपानी योजना | बम निर्माण सेवा | ४३४९७३ | (६२१४५४) | (१८६४८२) |
| | **जम्मा** | | | **(८७९४०७१)** |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ९०.१ | एल.बि. एण्ड ए.बि. बिल्डर्स प्रा.लि. | २३१,६२५ |
| ९०.२ | बम निर्माण सेवा | १८६,४८२ |
| ९०.३ | रिठगडे टेड्रर्स एण्ड सप्लायर्स | १,००२,४८४ |
| ९०.४ | रोयल एल.बि. एण्ड ए.बि. जे.भी. | ७,३७३,४८० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८७,९४,०७१ |

९१ **कार्यक्रम स्वीकृत बेगर खर्च**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम ३ मा बजेट मार्गदर्शन प्राप्त भएपछि प्रत्येक कार्यालयले आफ्नो कार्यालयको उद्देश्य अनुरुपको लक्ष्य निर्धारण गरी सोको आधारमा अनुसूची १ बमोजिमको ढाँचामा वार्षिक वजेट तथा कार्यक्रम निर्धारण गरी तालुक निकायमा पठाई स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रही कार्यक्रम कार्यान्वयन गर्नुपर्ने तथा नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको यकीन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खर्चमा मितव्ययिता सम्बन्धी मापदण्ड, २०७८ को बुँदा ३(४) मा विनियोजित रकम खर्च गर्दा सरकारी निकाय तथा जिम्मेवार व्यक्तिले मितव्ययी र गुणात्मक प्रतिफल प्राप्त हुने गरी खर्च गर्नु गराउनु पर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसारको निर्माण कार्यमा ठेक्का व्यवस्थापनबाट बचत रहेकोमा सोही योजनामा थप कार्य गर्न तालुक निकायबाट स्वीकृत नलिई तथा थप कामको लागि ठेक्का व्यवस्था नगरी बचत रकमबाट कोटेशनमार्फत कार्य गराएर रु २८७२९५२। खर्च लेखेको पाइयो । यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

| क्र.स | गो भा नं | योजनाको नाम | लागत अनुमान | सम्झौता मिति | भुक्तानी रकम | फर्मको नाम/ पान | गरेको काम | कार्य समपन्नमिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | 181,27 | वडा नं. ५ को वडा कार्यालय पर्खाल निर्माण | 960,381.04 | 2/ 11/ 2081 | ९५७०८२ | रिठगडे कन्स्ट्रक्सन | वडा नं. ५ को वडा कार्यालय पर्खाल निर्माण | 3/ 23/ 2081 |
| २ | 40 | माल लिफ्टिङ खानेपानी खण्ड-२ | 959,879.44 | 2/ 11/ 2081 | ९५७५५० | टि.डि. बिल्डर्स | माल लिफ्टिङ खानेपानी वाल निर्माण | 3/ 23/ 2081 |
| ३ | 41 | माल लिफ्टिङ खानेपानी खण्ड-1 | 959,940.01 | 2/ 11/ 2081 | ९५८३२० | बमनिर्माण सेवा | माल लिफ्टिङ खानेपानी वाल तथा टयाङ्कि निर्माण | 3/ 23/ 2081 |
| जम्मा | | | | | २८७२९५२। | | | |

९२ **कोटेशनबाट कार्य**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले

निम्नानुसारको निर्माण कार्यमा ठेक्का व्यवस्थापनबाट बचत रहेकोमा सोही योजनामा थप कार्य गर्न तालुक निकायबाट स्वीकृत नलिई तथा थप कामको लागि ठेक्का व्यवस्था नगरी बचत रकमबाट कोटेशनबाट कार्य गराई रु १३७२९८३।०० खर्च लेखेको छ । कोटेशनबाट कार्य गराउँदा अनुसूचीमा उल्लेख भएका कार्यहरूको निर्माण व्यवसायीले कवोल गरेको दर भन्दा बढी दर पर्न गई बढी व्ययभार परेको रु

| क्र.श | कामको विवरण | एकाई | कोटेशन बमोजिम | | | ठेक्का बमोजिम | | थप व्ययभार |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | जम्मा | दर | जम्मा | |
| **वडा नं. ५ भवन निर्माण कार्य (रिटेनिङ्ग वाल कार्य १)- ठेक्का ५१ प्रतिशतले घटी** | | | | | | | | |
| १ | E/w of Excavation | m3 | ८.२५ | ५५५ | ४५७८ | १५० | १२३७ | ३३४१ |
| २ | Plumn Concrete(60% PCC &40% Stone) | m3 | ३९.१९ | १०९८१ | ४३०३१७ | ५३८१ | २१०८८१ | २१९४३६ |
| ३ | Stone Masonry wall(1:6) | m3 | ३४.५६ | १२७७७ | ४४१५७३ | ६२६० | २१६३४५ | २२५२२८ |
| **वडा नं. ५ भवन निर्माण कार्य (रिटेनिङ्ग वाल कार्य २)** | | | | | | | | |
| १ | E/w of Excavation | m3 | १८.०० | ५५५ | ९९९० | १५० | २७०० | ७२९० |
| २ | Plumn Concrete(60% PCC &40% Stone) | m3 | ३५.७५ | १०९८१ | ३९२५७० | ५३८१ | १९२३७० | २००२०० |
| ३ | Stone Masonry wall(1:6) | m3 | ३७.१४ | १२७७७ | ४७४४८६ | ६२६० | २३२४९६ | २४१९९० |
| माल लिफ्टिङ्ग खानेपानी (३७.३७ प्रतिशतले घटेको) | | | | | | | | |
| १ | Earthwork excavation | | १६।५९ | ५९५ | ९८७१ | ४६० | ७६३१। | २२४०। |
| २ | PCC M10 | | ०।२३ | १९८७२ | ४५६० | १८८४० | ४३३३। | २२७। |
| ३ | PCC M20 | | ४।३१ | २८९७३ | १२४८२१ | २३७०० | १०२१४७। | २२६७४। |
| ४ | Steel reinforcement | | ३१९।१० | १९८ | ६३१८१ | १५८ | ५०४१७ | १२७६४। |
| ५ | Formwork | | ५०।५४ | ९६७ | ४८८७२ | ४९० | २४७६४। | २४१०८। |
| ६ | Plum concrete | | ४० | १४८७१ | ५९४८४० | ९३१८ | ३७२७२०। | २२२१२०। |
| कोटेशन २ | | | | | | | | |
| १ | Earthwork excavation | m3 | ४५.०५ | ५९५ | २६९४० | ४६० | २०७२३ | ६२१७ |
| २ | P.C.C Works 1:3:6 | m3 | २.०२ | १९८७२ | ४०१४१ | १८८४० | ३८०५६ | २०८५ |
| ३ | P.C.C. in 1:2:4 With 40% Plum | m3 | ३२.५८ | १४८७१ | ४८४४९७ | २३७०० | ३०३५८० | १८०९१७ |
| ४ | Form work | m2 | ४.५० | ९६७ | ४३५१ | ४९० | २२०५ | २१४६ |
| | | | | | | | | **१३७२९८३।** |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ९२.१ | व्यासँ गाउँपालिका | १,३७२,९८३ |

| | |
|---|---|
| अनियमित भएको | १३,७२,९८३ |

९३ **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावलीको नियम ११०(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि मालसामान आपूर्तिको हकमा प्रत्याभूति (वारेन्टी) को अवधि र निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (त्रुटी सच्याउने दायित्व)को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ। तर कार्यालयले निम्न निर्माण व्यवसायीहरूले समयमा कार्य सम्पन्न नगरेकोले कार्यसम्पादन जमानत अवधि बढाउनुपर्ने भएकोमा कार्यसम्पादन जमानतको म्याद बढाएको पाइएन। तसर्थ, कार्यालयले कानुनमा भएको व्यवस्था बमोजिम कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्दछ।

| **निर्माण व्यवसायीको नाम** | **कार्य** | **कार्यसम्पादन जमानत रकम** | **कैफियत** |
|---|---|---|---|
| श्री रोयल/ एल.बि. एण्ड ए.बि. जे.भी. | प्रमुख प्रशासकीय भवन | ५३५००००। | २०७९।०५।०७ मा म्याद सकेको |
| श्री रिठगडे कन्स्ट्रक्सन एण्ड सप्लायर्स | वडा नं. ५ भवन | २१५१०००। | त्रुटी सच्याउने पुरै अवधिको कार्यसम्पादन जमानत पेश नभएको |
| श्री चम्पेश्वर निर्माण सेवा प्रा लि | तिमुरपाटा, हुती, धौलाकोट, मङगाउँ माल सडक(क्रमागत) | ४८९१९५५। | २०८०।१।२१ मा म्याद सकेको |
| श्री आवरण मेटल इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि. | श्री हिमालय मा.वि. दार्चुला ६ विद्यालय भवन | ६३०००००। | Defect Liability Period को म्यादसम्मको नपुगेको |
| श्री बम निर्माण सेवा | माल लिफ्टिङ्ग खानेपानी | १८०००००। | थप 3 years Warranty period सम्मको हुनुपर्ने |
| **जम्मा** | | **२०४९२९५५।** | |

९४ **प्राथमिक अस्पताल**

ठेक्का नं 05-NCB-BRM-079-80 को २०७९।१२।०२ मा निर्माण व्यवसायी श्री च्याङ्निला उमा जे.भी. सँग २०८२।१२।१ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु २८,१०,७९,७४३।(मु.अ.कर सहित) भएको कार्य रु २४,७६,८५,०८९।(मु.अ.कर सहित) मा सम्झौता भई रु १२३८४२५४। पेश्की भुक्तानी भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

९४.१ कार्यमा ढिलाईः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न गरिनु पर्दछ। लेखापरीक्षणको अवधी २०८१।६।५ गतेसम्म यस आयोजनाको १ वर्ष ६ महिनाको अबधिमा (सम्झौता अवधिको ५० प्रतिशत ) कुनै रनिङ्ग बीलसम्म प्राप्त भएको छैन। यहि गतिमा निर्माण व्यवसायीले गर्दा तोकिएको समयभन्दा बढि लाग्ने देखिन्छ। तसर्थ कार्यालयले निर्माण व्यवसायीको कारणले भएको ढिला कार्यलाई नियन्त्रण गरी अविलम्ब कार्य सम्पन्न गराउन तथा सार्वजनिक खर्चमा प्रभावकारीता तथा मितव्ययीता कायम गर्न कानुनबमोजिम आवश्यक कदम चाल्नुपर्दछ।

९४.२ त्रुटी सच्याउने अवधिः आ.व. ०८०।८१ को बजेट कार्यान्वियन सम्बन्धी मार्गदर्शनको बुँदा नं. ४३ मा सडक, पुल, बाँध, सिंचाई नहर जस्ता लामो समयसम्म सञ्चालनमा रहने रू. ५ करोडभन्दा माथिका पूर्वाधार आयोजनाको हकमा नयाँ आयोजनाको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तिमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले बोलपत्र कागजात तथा सम्झौतामा सो अवधि १ वर्ष मात्र राखेको देखिन्छ। यसकारण कार्यालयको मर्मत खर्चमा वृद्धि हुने तथा कार्य गुणस्तरीयता प्रभावकारी नहुने तथा निर्माण व्यवसायीको जवाफदेहिता घट्ने देखिन्छ। तसर्थ मार्गदर्शनमा भएको व्यवस्थाबमोजिम त्रुटी सच्याउने अवधि ५ वर्ष राखी सम्झौता अध्यावधिक गरिनुपर्दछ।

९५ **व्यासँ गाउँपालिकाको प्रशासकिय भवन निर्माण**

ठेक्का नं 01-VRM-NCB-076-77 को २०७७।२।१३ मा निर्माण व्यवसायी श्री रोयल/ एल.बि. एण्ड ए.बि. जे.भी. सँग २०७८।०३। १५ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ९,७४,८०,०९६।(मु.अ.कर र प्रोभिजनल सम बाहेक) भएको कार्य रु ९३९०१११३। (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा सम्झौता भई रु ८५३६८३८२। (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा कार्यसम्पन्न भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

९५.१ मुल्य समायोजनः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा मूल्य समायोजन गर्न सकिने तथा उपदफा (२) मा उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणबाट सम्झौता बमोजिमको काम सो सम्झौता उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने तथा सम्झौताको जि.सि.सि. मा समेत सोही कुरा उल्लेख छ। कार्यालयले सम्झौतामा उल्लेख भए बमोजिम प्रोभिजनल सम, मासिक कार्य प्रगति विवरण, पेश्की फस्योंट तथा नेपाल राष्ट्र बैङ्कको थोक मूल्य सूची (Wholesale Price Index(Reindex)) को आधारमा श्रम, सामग्री र उपकरणको अलग अलग मूल्य सूचीलाई आधार लिई मूल्य समायोजनको रकम भुक्तानी गरेको देखिएन। यस ठेक्कामा निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी दिदा रनिङ्ग बिल र कर बिजक पेश गरेको मिति (Invoiced Date) भन्दा ३० दिन पहिलाको सम्बन्धित महिनाको श्रम, सामग्री र उपकरणको मूल्य सूची (Price Index) लाई आधार मानी मूल्य समायोजन हिसाब (Price Adjustment) गणना गरी भुक्तानी दिएकोमा श्रम, सामग्री र उपकरणको Base Value राख्दा फरक परेको, प्रोभिजनल सम, मासिक कार्य प्रगति विवरण, पेश्की फस्योंटमा समेत मूल्य समायोजन दिएको तथा Index को Calculation गर्दा प्रयोग गर्नु पर्ने Index भन्दा फरक ईन्डेक्स प्रयोग हुन गएको, weighting coefficient फरक परेको तथा निर्माण व्यवसायीको ढिलाईको कारण बढी समय लागेको अवधि (फ्रिज गर्नुपर्ने मितिपछि) मा समेत मुल्यसमायोजन भुक्तानी दिएको कारण निम्नानुसार रु.१२३६४५७ बढी मूल्य समायोजन भुक्तानी भएको पाईयो। यसरी बढी भुक्तानी भएको मूल्य समायोजन रकम मु.अ.कर समेत असुल गर्नुपर्ने रु

| **निर्माण कार्य** | **दिनुपर्ने** | **दिएको** | **बढी** | **मु अ कर समेत** | **निर्माण व्यवसायीको नाम** |
|---|---|---|---|---|---|
| प्रशासकिय भवन निर्माण | ७२२३१६७। | १०१५७६५२ | २९३४४८५ | ३३१५९६८ | श्री रोयल/ एल.बि. एण्ड ए.बि. जे.भी. |
| तिमुरपाटा, हुती, धौलाकोट, मडगाउँ माल सडक (क्रमागत) | (३१६१२२) | ४३१८४२७। | ४६३४५४९ | ५२३७०४० | श्री चम्पेश्वर निर्माण सेवा प्रा लि |
| जम्मा | | | | ८५५३००८ | |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ९५.१.१ | श्री चम्पेश्वर निर्माण सेवा प्रा लि | ५,२३७,०४० |
| ९५.१.२ | श्री रोयल/ एल.बि. एण्ड ए.बि. जे.भी. | ३,३१५,९६८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,५३,००८ |

९५.२ बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने र नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बीलको भुक्तानी दिनुपर्ने उल्लेख छ। तर कार्यालयले ब्रिक मेसिनरी कार्यको

प्राविधिक नापजाँच गरी घटाउनुपर्ने कार्य घटाई ५३३।५३ घन मिटरको भुक्तानी दिनुपर्नेमा ५५६।४४ घन मिटरको भुक्तानी दिएकोले प्रति घन मिटरका रु २८२५० (मु. अ. करसहित) का दरले २२.९१ घन मिटरको बढी भुक्तानी दिएको रु ६४७२०७। असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४७,२०७ |

९५.३ प्राविधिक स्पेसिफिकेशन निरीक्षण तथा स्वीकृतिः सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नु गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रूपमा राख्नु पर्ने उल्लेख छ। तर कार्यालयले प्रशासनिक भवन निर्माण कार्य अन्तर्गत खरिद गरेको रु १४८४७०६। को टाइल्सको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर तोकिएको बमोजिम भए/नभएको यकिन हुने गरी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। यसकारण प्राप्त सामान तोकिएबमोजिमको स्फेसिफिकेशनअनुसार प्राप्त भए नभएको यकिन गर्न विश्वस्त आधार नदेखिएको सो सम्बन्धी प्रमाण राख्नुपर्दछ।

९५.४ निर्माणस्थल छनोटः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले प्रमुख प्रशासकीय भवन निर्माणका लागि डि.पि.आर. प्रतिवेदन तयार गराएकोमा स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधिको बुँदा ५ को जग्गा मापदण्ड र बुँदा ६ को विस्तृत आयोजना प्रतिवेदनमा तोकिएकोबमोजिमको न्युनतम मापदण्ड तथा आधारभुत आवश्यकता तथा कार्यविधि बमोजिम स्वीकृत ड्रइङ डिजाइनलाई ख्याल नगरी तयार गरिएका डि.पि.आर. प्रतिवेदन तयार गरेको देखिएन। स्वीकृत डि.पि.आर प्रतिवेदन तयार भईसकेको योजनाको कार्यान्वयन सोबमोजिम हुनुपर्नेमा उक्त डि.पि.आर. प्रतिवेदनमा गर्नुपर्ने कार्यको विस्तृत कार्यपरिमाण, बार बेलेनडिङ्ग सिट तथा क्रिटिकल तथा नन् क्रिटिकल क्रियाकलापसहितको लागत समय तथा लागत अनुमान तथा अपाङ्गमैत्री संरचना तयार गरेको देखिदैन। साथै भवन निर्माण मापदण्ड बमोजिम माटो परीक्षण तथा संरचना विश्लेषण नगरी पहिरोको उच्च जोखिम भएको स्थानमा निर्माण कार्य गर्नु कानुनसंगत देखिदैन। यसप्रकारको लापरवाही गर्ने परामर्शदाता र जिम्मेवार पदाधिकारीलाई विभागीय कारवाही गरिनुपर्दछ।

९५.५ त्रुटी सच्याउने अवधिः आ.व. ०७६।७७ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुँदा नं. २७ मा नया आयोजनाहरूको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले बोलपत्र कागजात तथा सम्झौतामा सो अवधि १ वर्ष मात्र राखेको देखिन्छ। यसकारण कार्यालयको मर्मत खर्चमा वृद्धि हुने तथा कार्य गुणस्तरीयता प्रभावकारी नहुने तथा निर्माण व्यवसायीको जवाफदेहिता घट्ने देखिन्छ। तसर्थ मार्गदर्शनमा भएको व्यवस्थाबमोजिम त्रुटी सच्याउने अवधि ५ वर्ष राखी सम्झौता अध्यावधिक गरिनुपर्दछ।

कम गुणस्तरको निर्माण सामग्रीको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा निर्माण स्थलमा सम्झौतामा क्रसर मेशिनबाट फुटाई स्क्रिनिङ्ग गरी चाली धोएर ल्याएको गिट्टी तथा बास गरिएको बालुवा र नेपाल बिल्डिङ्ग कोड अनुसारको गुणस्तरयुक्त एक नम्बर ईटा प्रयोग गर्नुपर्ने उल्लेख भएकोमा स्क्रिनिङ्ग नगरीएको नचालीएको नधोइएको हातले कुटेको रोडा गिट्टी, नन् वास र नचालिएको वालुवा र २ नं. कमसल ईटा प्रयोग गरिएको देखियो।यसरी सम्झौता विपरीत कम गुणस्तर कार्य गर्ने निर्माण व्यवसायी तथा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई कमसल कार्य पुनः गराई गुणस्तर जाँच गरेको प्रमाण पेश गर्नुपर्दछ।

९५.६ ब्रिक मेसनरी वाल निर्माण कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३, ५क र ९ बमोजिमको प्रक्रिया पुर्‍याई लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले प्रति घन मिटर ब्रिक मेसनरी वाल निर्माण कार्य गर्न ईटाको संख्या ४५२ लिनुपर्ने देखिन्छ। यहाँ प्रयोग भएको ईटाको साईज ९x४x२.५ ईन्च भएको पाइयो। ईटाको साईजमा १२ एम.एम. मसलाको जोड गरी ईटाको साईज २४०.६x१२१.६x७५.५ एम. एम. का आधारले प्रति घन मिटर ४५२ ईटाको संख्या आवश्यक हुने देखिन्छ। तर पालिकाले प्रति घन मिटर ५६० ईटाको प्रयोग हुने भनी प्रति घन मिटर रु २३८७५।- (प्रति घन मिटर १०८ ईटाको प्रति ईटा २५।४४ का दरले) का दरले ५५६.५६ घन मिटरको रु. १५२९१६०। बढी लागत अनुमान बनाई भुक्तानी दिने कार्य भएकोले दायित्वको सिर्जना गर्नु औचित्यपूर्ण देखिदैन ।

## ९६ आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

| | | |
|---|---|---|
| | सेवा प्रवाह व्यवस्थापन<br>वडा सचिवको पदपुर्ति: पालिका अन्तर्गतका वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाहमा महत्वपुर्ण भुमिका रहेका वडा सचिवको दरबन्दि र पदपुर्तिको अवस्था वडा सङ्ख्या ६, वडा सचिवको दरबन्दि ६, वडा सचिवको पदपुर्ति ५ र रिक्त वडा सचिव १ रहेका छन्। वडा सचिवको पदपुर्ति समयमा हुन नसक्दा स्थानिय तहको सेवा प्रवाह र विकास निर्माण लगायत प्रभावित हुने भएकाले समयमा मै कर्मचारी व्यवस्थापन हुनुपर्दछ। | |
| | रकम ढिला दाखिला गर्ने<br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९(६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। यस स्थानिय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ र ६ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्नुपर्ने तर्फ सम्वन्धित पक्षको ध्यान जानुपर्छ। | |
| | निर्माण कार्यको गुणस्तर<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ (१ ङ ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्दछ। कार्यालयले उपभोक्ता समिति मार्फत निर्माण कार्यान्वयन गराइएका योजनाको दिगोपनाको लागी सम्बन्धित समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्छ। कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितताको लागी विभिन्न निर्माण सामग्रिको प्रयोगशाला परीक्षण गर्ने ढुङ्गा र सिमेन्टको ढलानको कार्यको गुणस्तरका लागी प्रयोग हुने ग्यावियन तार सिमेण्ट तथा कङ्क्रिट परिक्षण जस्ता कार्यगरिएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको आश्वस्त हुन सक्ने अवस्था छैन। अत नियमावली तथा सम्झोतामा उल्लेख भएअनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न परीक्षणलाइ अनिवार्य गराउनुपर्छ। | |
| १२१-२०८०।०९।११ | विविध खर्च<br>गोभौ न १२१ को मिति २०८०।०९।११ मा गापा चालु विविध खर्च केदारनाथ इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रोनिक्स ट्रेनिङ सेन्टरको रु ११,७२०। लटिनाथ इम्पोरियम एण्ड सप्लायर्सको रु ३७,०४५। को भूक्तानीमा सामग्रीको माग आदेश र दाखिला प्रतिवेदन नभएकोले प्रमाण पेश गर्नुपर्ने रु. | 48,765 |
| ३७०-२०८१।०१।२८ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन<br>गोभौ न ३७० को मिति २०८१।०१।२८ गते पालिका चालु शीर्षकबाट पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च रु १९,६९०/- वुटवल टाइम्स नाममा भूक्तानी भएकोमा राष्ट्रीय पत्रपत्रिका हरुले सरकारी कार्यालयलाइ पत्रपत्रिकामा छपाइ र सूचना प्रकाशनमा छुट सुविधा उपलब्ध गराउने गरेका छन। व्याँस गापाले पनि वुटवल टाइम्समा विज्ञापन छपाइ भूक्तानी गरेकोले पत्रपत्रिकाले दिने सुविधा नलिएको हुदा २५ प्रतिशत छुट सुविधा लिनुपर्ने अन्यथा छुट नदिएकोले अनियमित भएको। | 19,690 |
| ३९०-२०८१।०२।१३ | पशु शाखाको औषधी खरिद<br>गोभौ न ३९० को मिति २०८१।०२।१३ गते चालु शीर्षकबाट औषधी खरिद तथा ढुवानी शीर्षक बाट मनासलु एग्रोभेट कन्सर्नलाइ रु १४७,७४१।को भूक्तानीमा लागत | 147,741 |

| | | |
|---|---|---|
| | अनुमान विवरण, खरिद समितिको निर्णय र मूल्याङ्कन समितिको निर्णय नभइ भूक्तानी भएकोले अनियमित भएको रु | |
| ५६०-२०८१।०३।२३ | संस्कृति प्रवद्धन कार्यक्रम<br>गोभौ न ५६० मा मिति २०८१।०३।२३ गते व्याँस गापा चालु शीर्षकबाट संस्कृति प्रवद्धन शीर्षक बाट समाज सुधार संस्थालाइ रु ९१,३६३। भूक्तानी भएको देखिन्छ। मिति २०८१।०२।१९ गतेका दिन संस्कृति प्रवद्धन कार्यक्रमको लागि उदघाटन र सम्पन्न गरिएको उपस्थिति रहेको र यसमा भाषा प्रशिक्षार्थीहरुले २ दिनको रु २५,६००। र प्रशिक्षकले २ दिनको रु रु २०,०००। खर्च भरपाइ लेखिएकोमा हाजीरी उपस्थिति र माइनुट नभइ भूक्तानी भएकोले प्रमाण पेश गर्नुपर्नेछ। र प्रशिक्षकले प्रति दिनको रु २०००। भत्ता नियम सम्मत नभइ अनियमित भएको देखिन्छ । | 45,600 |
| ३३-२०८१।०३।१३ | गोभौ न ३३ मा मिति २०८१।०३।१३ गते सशर्त पूँजीगत कन्टीनजेन्सी बाट गतिशिल नेपाल विकास प्रालि लाइ रु १७०,६०३। भूक्तानी गर्दा कार्य आदेश विना कोटेशन प्रक्रिया नगरी भूक्तानी भएको नियम संमत नभएको | 170,603 |
| १५०-२०८१।०३।२० | मातृ तथा नवजात शिशु कार्यक्रम<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ ५६ र ५७ अनुसार खर्च गर्दा प्रमाण कागजातका आधारमा गर्नुपर्ने हुन्छ। गो भौ नं १५० मा मिति २०८१।०३।२० गते सशर्त चालु स्थानीय तह मार्फत मातृ तथा नवजात शिशु कार्यक्रम सञ्चालन बाट मन्द्रा बुढाथोकीको नाममा रु १०५३०७ भुक्तानीको लेखा राखिएको छ । विभिन्न स्वास्थ्य चौकीमा अल्ट्रासाउन्ड सेवा दिए वाफत विभिन्न विलहरु र भरपाइको आधारमा भुक्तानी दिइएको छ तर मन्द्रा बुढाथोकीले कार्यक्रममा अनुगमन गरे वाफत १२ दिनको १५०० को दरले रु १८००० र कर बाहेक १५३०० को भरपाइको खर्च पुष्टयाइ गर्ने कुनै आधार नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | 15,300 |
| जम्मा | | 447,699 |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७७,६९९ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : व्यास गाउँपालिका, दार्चुला , व्याँस गाउँपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | महेश बहादुर बम | २०८०-१-१४ | २०८०-९-१५ |
| कार्यालय प्रमुख | चन्द्र सिंह कुवर | २०८०-९-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोपाल सिह विष्ट | २०७९-६-९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९,८५४,५९३.७ | ३,४७३,३८३ | १३,३९४,९३६ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २६,७२२,९१२.७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २६,७२२,९१२.७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४३६५८०८२.४८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २३५२०५५३२.१ | **चालु खर्च** | २२५८०१४७४.०६ |
| **प्रदेश सरकारबाट अनुदान** | १७८५९०८८ | **पूँजीगत खर्च** | १२८५७२८१८.२४ |
| **राजश्व बाँडफाँट** | ७५९०७५६७.२६ | **वित्तीय/अन्य व्यवस्था** | ०.० |
| **आन्तरिक आय** | ३५१३४२८.४५ | | |
| **अन्य आय** | २६८३०४०.९८ | | |
| **कुल आय** | ३३५१६८६५६.७९ | **कुल खर्च** | ३५४३७४२९२.३ |
| **बाँकी मौज्दात** | | २४४५२४४६.९७ | |

## सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नहुने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र वडा कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।